# ग्रामीण कन्दरा


**चारतारे युवा क्लव सिवाईसी नेपाल**

**संरक्षक**
चण्डिप्रसाद शर्मा पौडेल

**प्रधान सम्पादक**
जगन्नाथ आचार्य

**सम्पादन तथा कम्प्यूटर ले-आउट**
सुमन जि.सी

**व्यवस्थापन**
संगिता शर्मा पौडेल
प्रतिभा शर्मा

**प्रकाशक**
**चारतारे युवा क्लव सिवाईसी नेपाल**
बा.न.पा.-३, समिक्षालयरोड,
सम्पर्क नं: ०६८-५२०१४६

**मुद्रण**
सयपत्री अफ्सेट प्रेस
बा.न.पा.-२ धवलागिरिचोक, बागलङ


## o;leq=====================


| शिर्षक | पेज नं. |
|---|---|
| साधारण सभाको चिठी | १ |
| संस्थागत परिचय | २-६ |
| अध्यक्षको कलम | ७ |
| आ.व. ०७१।०७२ को वार्षिक प्रगति प्रतिवेनद र आ.व. ०७२।०७३ को प्रस्तावित नीति तथा कार्यक्रम | ८-२७ |
| आ.व. ०७१।०७२ को आर्थिक प्रगति प्रतिवेदन र ०७२।०७३ को प्रस्तावित आय-व्यय विवरण | २८-३३ |
| ०७१।०७२ को लेखापरिक्षण प्रतिवेदन | ३४-३९ |
| सभा सञ्चालन कार्यविधि | ४०-४२ |
| नोट | ४३ |

जि.प्र.का.द.नं. ५४, स.क.प.आ.नं. ११६९ ने.रा.बैं आ.नं. ५

"सामाजिक एकता आजको आवश्यकता"

चारतारे युवा क्लव, नेपाल

CHARTARE YOUVA CLUB, NEPAL

केन्द्रिय कार्यालय: बागलुङ नगरपालिका वडा नं. ३ समिक्षालय रोड बागलुङ बजार

Phone No.: +977 68 520146, Fax: +977 68 520877, E-mail: cycnpl@gmail.com

प.सं:- ०७२/०७३ मिति:- २०७२/०८/१९

च.नं:- १२२

## विषय:- २४ औं वार्षिक साधारण सभा सम्वन्धमा।

**श्री** ....................................................................................ज्यू

.......................................................................

.............................................................. ।

महोदय,

यस संस्थाको कार्यसमितिको मिति ०७२/०८/१९ गते वसेको ३१३ औं बैठकको निर्णयानुसार **"सामाजिक एकता, आजको आवश्यकता"** भन्ने मूल नाराका साथ तपसिलमा उल्लेखित विषयवस्तुहरुमा छलफल गरी निर्णय गर्न निम्न स्थान मिति र समयमा **२४ औं वार्षिक साधारण सभा**को आयोजना गरिएकाले आफ्नो एकप्रति अटोसाईजको फोटो सहित उपस्थित भै दिनु हुन अनुरोध गरिन्छ। संस्थाको संस्थागत विकासमा सदस्यहरुको महत्वपूर्ण भूमीका रहने भएकाले सो दिनका सबै कार्यक्रममा उपस्थित भै सक्रिय सहभागिताको अपेक्षा राखीएको छ।

### कार्यक्रम हुने स्थान, मिति र समय

**स्थान:-** बालमन्दिर सभाहल बागलुङ बजार।
**मिति:-** ०७२/०९/२५ गते।
**समय:-** विहान ठिक ११:०० बजे।

### साधारण सभामा कार्यसमितिवाट प्रस्तुत प्रस्तावहरु

१) गणपुरक संख्या सम्बन्धि जानकारी।
२) प्रतिवेदक र गणकको नियुक्ति सम्वन्धमा।
३) सभा सञ्चालन कार्यविधि प्रस्तुती र अनुमोदन सम्वन्धमा।
४) आ.व. ०७१/०७२ को प्रगती प्रतिवेदन, आ.व. ०७२/०७३ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुती, छलफल र पारीत।
५) आ.व. ०७१/०७२ को आर्थिक प्रगती प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र ०७२/०७३ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत छलफल र पारित।
६) आ.व. ०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमीक सम्वन्धमा।
७) संस्थाको नीति, नियम र निर्देशिका सम्वन्धमा।
८) परियोजना सम्वन्धमा।
९) क्षेत्र विस्तार सम्वन्धमा।
१०) "घ" वर्गको वित्तीय संस्थामा रुपान्तरण सम्वन्धमा।

(चण्डिप्रसाद शर्मा पौडेल)
अध्यक्ष

# संस्थाको परिचय

**संस्थाको ऐतीहाँसीक पृष्ठभुमी**

चारतारे युवा क्लव नेपाल, सम्पूर्ण राष्ट्रप्रेमी समाजसेवी, विकास प्रेमी सवै प्रकारको अन्याय अत्याचारको विरुद्ध दृढताका साथ अघि बढ्ने न्यायपूर्ण सु-संस्कृत समानतामा आधारित सुदृढ र आत्मनिर्भर समाजको निर्माण गर्ने चाहना भएका नेपालीहरुको साझा संस्था हो । तित्याङ्ग गा.वि.स वडा नं ९ अदुवावारी स्थीत पं रवि प्रसाद उपाध्याय को ऐतिहाँसीक घरमा २०४९।०६।२० का दिन भएको भेलावाट यो संस्था स्थापनाको परिकल्पनालाई वर्तमान अध्यक्ष चण्डि प्रसाद शर्मा पौडेलको पहलमा साकार पारिएको हो ।

**परिकल्पना (Vision) :**

मानवीय श्रोतको उच्चतम परिचालन भएको स्वस्थ सामाजिक, आर्थिक शिक्षित, स्वावलम्वी र आत्मनिर्भर समाज ।

**ध्येय (Mission) :**

- पिछडिएका वर्गहरुको सामाजिक र आर्थिक अवस्थामा सुधार ।
- समुदायमा आधारित संस्थाहरु (CBO), स्थानीय गैर सरकारी संस्थाहरु र (LNGO) को क्षमता अभिबृद्धि गर्ने र सरकारी गैर सरकारी निकाय संग समन्वय गरी प्राप्त श्रोत साधनको उपयोग र सदुपयोग गर्दै स्थानीय श्रोत र साधनको अधिकतम परिचालन र व्यबस्थापनबाट दिगो र संस्थागत विकास ।
- संस्थाद्धारा संचालित कार्यक्रमहरुलाई अन्य संघसंस्थाहरुसंग प्रभावकारी समन्वय गरी प्रजनन् स्वास्थ्य तथा सामुदायिक विकासका कार्यक्रमहरु संचालन गरी जनस्वास्थ्यमा सुधार ल्याउन पहल गर्ने ।

**लक्ष्य : (GOAL)**

- उत्प्रेरणा स्वावलम्बन एवं सशक्तिकरणका लागि प्राप्त हुने वा हुन सक्ने अवसर र वातावरण सृजना गर्ने ।
- विद्यमान ज्ञान, सिप र धारणामा समयानुकुल परिवर्तन गर्ने ।
- सामाजिक परिचालनबाट सहभागितामा आधारित विकास प्रक्रियालाई अगाडी बढाई दिगो र संस्थागत विकासका लागि सरकारी, गैह्र सरकारी र सहकारी संघ संस्थाहरुलाई विकासका लागि अभिप्रेरित गर्ने ।
- सामुदायिक परिचालन कार्यक्रम मार्फत उच्च बाल तथा मातृमृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने ।

**उद्धेश्यहरु : (OBJECTIVES)**

- शिक्षाको महत्व दर्शाउँदै सामाजिक विकासका लागि जनचेतना अभिबृद्दि गर्ने ।
- महिला शसक्तिकरण सम्बन्धि कार्यहरु गर्ने ।
- आयमुलक कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
- बालबालिका, महिला र फरक क्षमता भएका हरुका लागि विविध कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
- सरकारी गैह्र सरकारी संघ संस्थाहरुको क्षमता अभिबृद्वि गर्ने ।
- वातावरणीय सन्तुलन र सवै प्रकारको उर्जा प्रवर्धनमा सक्रिय भई काम गर्ने, गराउने ।
- विकास निर्माणका कार्यहरु जस्तो - बाटो, घाटो, बनजंगल, देवालय, सार्वजनिक जग्गा, सिंचाई, कुलो, शौचालय, स्वास्थ्य शिक्षा, उर्जा विकास, सामाजिक संस्कृति, खेलकुद, संचार जस्ता विविध सामाजिक कार्यहरुमा सक्रिय सहभागि भै काम गर्ने, गराउने

- विभिन्न सरकारी, गैह्र सरकारी, राष्ट्रिय अन्तरार्ष्ट्रिय संघ संस्थाहरु संग भाईचाराको सु-सम्बन्ध अभिबृद्धि गर्दै सहयोगको आदान प्रदान गर्ने ।
- समुह, व्यक्ति र सदस्यहरुको क्षमता अभिबृद्धिका लागि वित्तिय कारोवार संचालन गर्ने, गराउने ।
- दिगो भू -व्यबस्थापन सम्बन्धि काम गर्ने, गराउने ।
- सामाजिक परिचालनको माध्यमबाट उपलब्ध स्वास्थ्य सेवालाई प्रभावकारी बनाई सेवा उपभोगदरमा बृद्धि ल्याई बाल तथा मातृ मृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने ।

**मुख्य नारा, मन्त्र, काम, रणनीति, समन्वय, सहजिकरण, कार्यशैलि र प्रतिवद्धता**

- **मुख्य नारा** : सामाजिक एकता, आजको आवश्यकता ।
- **मुख्य मन्त्र** : सुचना, संगठन, बचत र सीप ।
- **मुख्य काम** : माटो, बाटो, पानी खाल्टो ,"शिक्षा, स्वास्थ्य, लघुवित्त वाट उज्यालो भविष्य" ।
- **रणनिती** : राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने ।
- **समन्वय** : १२ महिना १२ भेट विकास सुचना Up To Date
- **सहजिकरण** : विकासमा महिला, सहजिकरण, सहभागिता र पारदर्शितामा पहिला
- **कार्यशैलि** : रहरले काम गर्छौ, हाँसेर सेवा गर्छौ ।
- **प्रतिवद्धता** : काम वाडौं, आजको काम आजै गरौं, भोलि भन्न छाडौं ।

**कार्यक्षेत्र**

- नेपाल राज्यभर ।
- हाल ६ जिल्लामा प्रत्यक्ष कार्यरत ।
- अप्रत्यक्ष रुपमा ३५ जिल्लामा कार्यरत ।

**संस्थाका कार्यालयहरुको विवरण**

| क्र.स | कार्यालयको नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १. | केन्द्रिय कार्यालय | बा.न.पा.-२, बागलुङ बजार | ०६८-५२०१४६ |
| २. | बागलुङ शाखा | बा.न.पा.-२, बागलुङ बजार | ०६८-५२२९८२ |
| ३. | हटिया शाखा | ग.न.पा.-हटिया-३, लोकतन्त्र चोक | ०६८-४१२०४६ |
| ४. | तम्घास शाखा | रेसुङ्गा न.पा.-८, खानीगाउँ | ०७९-५२११२८ |
| ५. | बेशिसहर शाखा | बेशिसहर न.पा.-३, पुराना बैंक चोक | ०६६-५२०६८३ |
| ६. | सुन्दरबजार शाखा | सुन्दरबजार न.पा.-७, भिमसेन चोक | ०६६-४०२१९२ |
| ७. | खर्वाङ शाखा | बडिगाढ गाउँपलीका-२, खर्वाङ | ०७९-४१२०८२ |
| ८. | बुर्तिवाङ शाखा | ढो.न.पा.-१, बुर्तिवाङ बजार | ०६८-४१००७१ |
| ९. | कुश्मिसेरा शाखा | जैमीनी न.पा.-१, कुश्मिसेरा | ०६८-४२१०५७ |
| १०. | शान्तिपुर शाखा | चन्द्रकोट गा.पा.-१, शान्तिपुर | ९८५७६४६२११ |
| ११. | तानसेन शाखा | ता.न.पा.-२, वडिगानटोल | ०७५-५२१०४० |
| १२. | बेलवगर शाखा | जैमीनी न.पा.-८, बेलवगर | ०६८-६२००४६ |

| | | | |
|---|---|---|---|
| १३. | बरेङ शाखा | बरेङ गा.पा.-२, बागलुङ | ०६८-६२००८९ |
| १४. | अक्षते शाखा | काठेखोला-२, भिमापोखरा अक्षते | ९८५७६४६२१४ |
| १५. | दमौली शाखा | व्यास न.पा.-२, तनहु | ०६५-५६२५६९ |
| १६. | खैरेनीटार शाखा | शुक्लागण्डकी न.पा.-७, खैरेनीटार तनहु | ०६५-४१२३६४ |
| १७. | रामपुर शाखा | रामपुर न.पा.-७, पाल्पा | ०७५-४००४५९ |

**मानविय श्रोत**

- संरक्षक, सल्लाहकार र संचालक गरी १४ जनाको संचालक समिति।
- आजिवन र विशिष्ठ गरी १५१३ जना संस्थाका सदस्यहरु
- विभिन्न विषयमा विज्ञ ८० जना पुर्णकालिन कर्मचारीहरु।
- १० जना कृषि जे टी ए हरु।
- १०० जना अनुभवि अगुवा कृषकहरु।
- ३१७७४ सहयोगि सदस्यहरु।

**सिवाईसी लघुवित्त कार्यक्रमबाट प्रदान गरिने बचत र ऋणका शिर्षक तथा ब्याजदर**

**बचतका शिर्षक र ब्याजदर**

| क्र.स | बचतका शिर्षक | ब्याजदर |
|---|---|---|
| १ | अनिवार्य बचत | ६ प्रतीशत |
| २ | व्यक्तिगत बचत | ६ प्रतीशत |
| ३ | सिवाईसी पेन्सन बचत | एकमुष्ठ * |
| ४ | विशेष बचत | १० देखी ११ प्रतीशत |
| ५ | उपकारकोष बचत | ६ प्रतिशत |
| ६ | घर निर्माण बचत | ६ प्रतिशत |
| ७ | बाल बचत | ६ प्रतिशत |

* १५ वर्ष अवधि पुगेपछी जम्मा भएको बचत रकमको ५ गुणा उपलव्ध गराईने।

**ऋणका शिर्षक र ब्याजदर**

| क्र.स | ऋणको किसीम | ऋण सीमा | ब्याजदर |
|---|---|---|---|
| १ | साधारण ऋण | ३ लाख | १८ प्रतीशत |
| २ | मौषमी ऋण | १० हजार | १८ प्रतीशत |
| ३ | घर निर्माण ऋण | ५० हजार | १८ प्रतीशत |
| ४ | लघुउद्यम व्यवसाय विकास ऋण | ५ लाख | १८ प्रतीशत |

**नोट**

- ऋणिको क्षमताको आधारमा ऋणको किस्ता निर्धारण गरिने छ।
- ऋणिको क्षमता र धितोको आधारमा लघुउद्यम व्यवसाय विकास ऋणको सिमा घटवढ हुन सक्ने छ।
- व्याजदर समय समयमा बजारको अवस्था अनुरुप परिवर्तन हुन सक्ने छ।

**सामाजिक सुरक्षा तथा मानविय समवेदनाका लागि सञ्चालीत कार्यक्रमहरु**

- जिवन सुरक्षा योजान
- आवास सुरक्षा योजना

- सुत्केरी भेटघाट तथा सहयोग
- शैक्षिक सहयोग
- विरामि भेटघाट
- समवेदना तथा श्रदाञ्जली
- कर्जा सुरक्षण तथा मिनाह
- आवाश्यक तालिम, गोष्ठिहरु वाट क्षमता अभिवृदी सेवा तथा समन्वय

## संस्था कार्यसमितिको विवरण

| क्र.स | संचालकको नाम | ठेगाना | पद | सम्पर्क फोन |
|---|---|---|---|---|
| १ | पद्मनाथ शर्मा पौडेल | बा.न.पा २, वागलुङ | संरक्षक | ९८५७६२००६९ |
| २ | चण्डिप्रसाद शर्मा पौडेल | बा.न.पा. - ९ बागलुङ | अध्यक्ष | ९८५७६२०१४६ |
| ३ | लक्ष्मण खड्का | बा.न.पा. - ९ बागलुङ | उपाध्यक्ष | ९८४७६६७७२२ |
| ४ | विर वहादुर किसान | बा.न.पा -२, माझकोट | सचिव | ९८४७६२००१२ |
| ५ | गण्डकी अधिकारी | वडिगाड गा.पा.-७ | सह-सचिव | ९८५७६२९१२६ |
| ६ | बीमला गुरुङ | बा.न.पा. - २, बागलुङ | कोषाध्यक्ष | ९८४७६२२२०५ |
| ७ | गोपाल कुमार शर्मा | बा.न.पा. - ८, बागलुङ | सदस्य | ९८५७६२०७५४ |
| ८ | सीता शर्मा | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ९ | ओमप्रकाश पौडेल | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८४७६३१०४८ |
| १० | किरण थापा | बा.न.पा. - ९ बागलुङ | सदस्य | ९८५७६२५५५८ |
| ११ | रेशमवहादुर के.सी. | बा.न.पा.-११, वागलुङ | सदस्य | ९८५७६२०१३१ |
| १२ | देव वहादुर श्रेष्ठ | बा.न.पा -२, बागलुङ | सल्लाहाकार | ०६८५२०१९२ |
| १३ | जगन्नाथ आचार्य | बा.न.पा -४, बागलुङ | सल्लाहाकार | ९८५७६२०७९४ |
| १४ | ईन्द्रराज पौडेल | जैमीनी न.पा.-८, बागलुङ | सल्लाहाकार | ९८४७७२९५३६ |

**संस्थाद्धारा सञ्चालन भएका कार्यक्रमहरुः**

- दिगो भू-व्यबस्थापन कार्यक्रम ।
- किसान किसान कृषी प्रसार कार्यक्रम ।
- स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण कार्यक्रम ।
- ग्रीमण खानेपानी तथा सरसफाई कार्यक्रम ।
- सुमार्ग कार्यक्रम ।
- समयदान तथा समय व्यवस्थापन कार्यक्रम
- जिवन र जिविका कार्यक्रम ।
- सामुदायिक वन विकास कार्यक्रम ।
- सुरक्षीत मातृत्व कार्यक्रम (समता र पहुँच कार्यक्रम)
- युवा आकाश कार्यक्रम ।
- हामी सक्छौं कार्यक्रम ।
- स्थानिय शासन तथा सामुदायीक विकास कार्यक्रम ।
- समुदायमा सिवाईसी कार्यक्रम

**काम गर्दै जाँदा संस्थामा आएका परिवर्तनहरु**

- पुरुष कर्मचारीहरुलाई सुत्केरी स्याहार विदा ।
- जनशक्ति शव्दको सट्टामा मानविय श्रोत शव्दको प्रयोग ।
- सानो दुध खाने महिला कर्मचारीका लागि १२.१५ देखी १२.४५ वजे् सम्म स्तनपान समय तोकि विशेष सहुलिएत प्रदान ।
- सानो वच्चा भएको् तथा घरमा कामको वोझ भएका महिला कर्मचारीहरुलाई सामान्यता कार्यालय समय भन्दा १५ मिनेट ढिलो भएपनि गएल नगर्ने ।
- महिला कर्मचारीहरुलाई सुत्केरी अगाडि र पछाडि गरी २ महिना तलवि विदा तथा विशेष अवस्थावाट कार्यालयवाट हाजिर हुन नसक्ने अवस्था भएमा १ महिना थप वेतलवी विदा दिने व्यवस्था ।
- गर्भवति कर्मचारीलाई महिनामा १ दिन गर्भ परिक्षण विदा
- सुश्री, श्रीमती, श्रीमानको सट्टा श्री मात्र लेख्ने प्रचलन ।
- सभा सम्मेलन तथा अन्य कार्यक्रमहरुमा सम्वोधन गर्दा वा वोल्दा सभापति शव्दको सट्टा अध्यक्ष र सभाध्यक्ष जस्ता शदको प्रयोग ।
- सिवाईसीका समिति उपसमितिहरुमा समावेशिकरण ।
- व्याच वितरण गर्दा महिला र पुरुष दुवैलाई सहभागि गराउने गरिएको ।
- आईमाई शव्दको सट्टामा महिला शव्दको प्रयोग ।
- सभा सम्मेलन आदिमा सम्वोधन गर्दा महिला तथा सज्जनवृन्द शव्दको सट्टामा दाजुभाई दिदिवहिनी भनेर सम्वोधन ।

**सिकाईहरु**

- संस्थाद्वारा संचालित कार्यक्रम सहयोगि निकायले सहयोग गर्ने वेलासम्म मात्र चल्ने होईन त्यस पछाडि पनि चल्ने गरी योजना तथा कार्यान्वयन गर्नुपर्दछ ।
- परनिर्भर मुखी नबनी आत्मनिर्भरताका उपायहरु संचालनमा ल्याउनु पर्दछ ।
- स्थानिय श्रोत र साधानमा आधारीत कार्यक्रमहरु चिरस्थायी दिर्घजीवी हुने रहेछन्
- नेपालको विकासमा पैसाको खाँचो होईन विचारको खाँचो रहेछ ।
- समाजसेवा भनेको आफ्नो मानो खाई अर्काको गाना गाउने काम रहेछ ।
- संस्थाको निरन्तर संचालनका लागि ।
- सामाजिक सुरक्षाका कार्यहरुमा केन्द्रित हुनुपर्दो रहेछ ।
- स्थानिय स्तरमा उठाएका सवालहरु राष्ट्रिय मुद्दा वन्न सक्ने रहेछन् ।
- युवाहरुको विदेश पलायन रोक्न कृषि क्षेत्रको समग्र विकास गर्नुपर्दछ ।
- युवा वेच्ने होईन उत्पादन वेच्नु पर्दछ ।

# सिवाईसीले आसमा होईन, प्रयासमा बाच्न सिकाउछ .......



**चण्डीप्रसाद शर्मा पौडेल**
**अध्यक्ष**

साझा सामार्थ्यमा पुग्ने दृष्टि राखेर आपसि मद्दतमा प्रारम्भ भएको सिवाईसी आज तित्याङको सिमीत भुगोलबाट असिमित फड्को मार्दै देशव्यापी बनीरहेछ। समाजमा देखिएको परनिर्भरताको अन्त्य गरि गरिव विपन्न र पछि परे पारिएका वर्गहरुलाई स्वावलम्वनका समिचिन यात्रामा अगाडि वढाई गरिवी न्यूनीकरणका लागि स्थापीत संस्थाले आगमी वर्ष रजत महोत्सव मनाउन गईरहेको छ। संसारमा सबैभन्दा धैरै बाल र मातृमृत्युदर रहेको हाम्रो देशमा संस्थाहरु जन्मने र मर्ने क्रम पनि उच्च दरमा रहेको छ। यस्तो परिवेशमा पनि सिवाईसी रजत महोत्सवका साथ लक्का जवानीमा प्रवेश गरिरहेछ यो हामी सबैको खुसी र गर्वको विषय हो। आज भन्दा २४ वर्ष पहिले सानो विरुवाको रुपमा अंकुरीत सिवाईसी यति छिटो विशाल बृक्षको रुपमा झाँगिएर सबैलाई छाहारी दिन सक्षम होला भनेर कमैले मात्र सोचेका थिए होला। मानविय समवेदनालाई आत्मसात गरि जनताका जनजीविकाहरुलाई आफ्नो कार्यसञ्चालनको आधार बनाई हिडेका कारणले होला आज सिवाईसी गै.स.स. जगतमै एउटा उदिएमान नक्षत्र बन्न सफल भएको छ। गै.स.स. हरुलाई लाग्ने परनिर्भरताको आरोपको समुल नष्ट पार्न पनि सक्षम भएको छ। स्थापनाका कठिन र अभावका दिन कति पिडादायी थिए त्यो मलाई मात्र थाहा छ अहिले ती दिन सम्झीदा पनि मलाई अत्यन्त पिडा हुन्छ। तर पनि दुःख पछिको सुखानुभुती गौरवशाली हुदो रहेछ यसैले मलाई निरन्तर सञ्चालीत गरिरहेको छ।

यतिवेला स्थापनामा हामीले थालेको स्वावलम्वनको प्रयासले मुर्तरुप हाँसील गरेको छ। स्थापनाको सोचले सकरात्मक दिशा निर्देश गरेको छ। संस्थाले दाताको सहयोगको भर नपरी आफ्नै श्रोतमा पूर्ण सञ्चालीत हुन सकेको छ। हाम्रा सेवाका हकवाला जो ३५ हजार भन्दा वढि छन् उनीहरुले आज सिवाईसीलाई आस र भरोसाको रुपमा हेरेका छन्। ति वर्ग जसलाई हामी स्वावलम्वी देख्न चाहान्छौं। स्वावलम्वनलाई सुगम, सम्भव र सफल बनाउन समुह केन्द्रका माध्यमवाट बचत, ऋण र आय आर्जनको अभियानमा संस्था लागिरहेको छ। **'हकवालाले आफुले नसकेका बेला र खण्डमा मद्दत लिओस तर सधै मद्दतको खोजी र भर नपरोस, टेको मात्र होस'** भनेर शुरुवातदेखि नै सचेत बन्दै आयौं। जस्को परिणाम आज संस्था आत्मनिर्भर भई “घ” वर्गको राष्ट्रिय स्तरको वित्तीय संस्थामा रुपान्तरीत हुदैछ।

लामो समयदेखि संघर्ष गरेको संस्था आफ्ना सबै सफलताहरु हस्तान्तरण गरी पुनः शुन्यवाट आफ्नो यात्रा तय गर्न लागिरहेछ। सिवाईसी नेपालको शून्यताको कुरा गर्दा कसैले सिवाईसी प्रति भ्रम फैलाउन पनि सक्लान तर सिवाईसीको शुन्यता कुनै भ्रम र कपोकल्पित नभएर विकासक्रममा देखिएको अर्को रुप हो। जसरी व्यापारीले एउटै छाना मुनि सबै चिजको सुविधा उपलब्ध गराउन विभिन्न किसीमका विज्ञापनहरु दिने गर्दछ त्यसै गरी सिवाईसी नेपालको स्थापना कालमा राखिएका उद्देश्यलाई परिपुर्ति गर्ने उद्देश्यले सिवाईसी भित्र प्रवेश गर्ने जो कोही सदस्यहरुले सिवाईसी नेपाल वा सिवाईसी नेपालको मातृत्वमा स्थापित भएका संघ संस्थाहरुवाट दैनिक जीवनमा उपभोग हुने सबै खाले सेवा सुविधाहरु प्राप्त गर्न सकुन भन्ने उद्देश्यले स्थापित भएको मान्यतालाई आत्मसाथ गर्दै सिवाईसी लघुवित्त कार्यक्रमलाई लघुवित्त विकास बैंकको रुपमा परिमार्जन गरी साना तथा मझौला व्यवसायहरुलाई अझै लघुवित्त संग संगै वैंङकिङ सुविधा समेत उपलव्ध गराउने उद्देश्यले सिवाईसी नेपालको सामाजिक पक्ष र वित्तीय पक्षलाई छुट्टयाई अर्को संस्था स्थापित गर्ने क्रममा सिवाईसी नेपाल शून्यमा देखिन गएको हो। शुन्यताको यो चरणलाई सिवाईसीले अवसरको रुपमा

लिई फरक ढंगले प्रस्तुत हुनेछ । हामीले हाम्रा यात्राका विभिन्न चरणहरु पार गर्ने क्रममा स्वावलम्वन र पारस्परिकतालाई आत्मसात गरिरहेका छौं । अवको चरणमा पनि सिवाईसीको मार्गचित्र स्वावलम्व र पारस्परिकता नै हुने छ । किनकी जिवनयापन स्वावलम्वनमा स्वतन्त्र हुन्छ भने पारस्परिकतामा सामाजिक हुन्छ ।

यो यात्रामा हामीले एक्लैको स्व-सहयोग पनि स्वीकादैर्नौ र परामुखापेक्षि पूर्ण सहयोग पनि स्वीकार्देनौ । किनकी सिवाईसी आत्मनिर्भर, स्वावलम्वन र पारस्परिकताको पर्याय बनीसकेको छ । स्वावलम्वनका दुईवटा गुणहरु हुन्छन् पहिलो आफ्नो भर पर्ने र दोश्रो आफ्नो भाग गर्ने । स्वावलम्वी आत्मनिर्भर हुन्छ, आफ्नो खुट्टामा उभीन्छ । **सिवाईसीले आसमा होईन प्रयासमा वाच्न सिकाउछ** । प्रयासमा बाच्नेहरुले पर्खदैन काम गर्न थालीहाल्छ, आँट गर्दछ र अगाडि वढिहाल्छ । असल संस्था र नेतृत्वले जहिले पनि **धेरै देख्छ, टाढासम्म देख्छ र छिटो देख्छ,** देख्नेले के भन्लान भनेर पर्खदैन, देख्नेले पनि सिक्लान भनेर सकरात्मक सोचका साथ अगाडि वढ्दछ । हामीले "**सक्दा दिने र पर्दा लिने**" आपसी सम्वन्धको शुरुवात हाम्रा कार्यक्रमहरुमा गरेका छौं, गर्नेछौं र गरिरहने छौं । हरेक कुरालाई व्यक्तिगत र सामुहीक आयामको रुपमा पुनरावलोकन गर्दै पारस्परीकता र सामुहीकतामा हाम्रा कार्यक्रमहरुलाई आधारीत गर्नेछौं । हामीलाई थाहा छ पारस्परीकता उद्देश्यका आधारमा नभएर हितको आधारमा हुन्छ । त्यसैले सिवाईसीको उद्देश्य गरिवी न्यूनीकरण हो भने सदस्य वा यसका हकवालाको हित चाँही आत्मनिर्भरता र समृद्धिको हुनसक्छ यि दुवै कुराहरुलाई सन्तुलीत गर्दै अवको सिवाईसी अगाडि वढ्न सकोस यहि शुभेच्छा र शुभकामनाका साथ सिवाईसीको यो यात्रामा सदा भैं यहाँहरूको माया ममता र सहयोगको अपेक्षा राख्दै संस्थालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्ने संस्थापक, विशिष्ट, आजिवन सदस्यज्यूहरू, संरक्षकज्यू, सल्लाहाकारज्यूहरू, कार्यसमितिका पदाधिकारी, सदस्यज्यूहरू, हाम्रो सेवाका हकवालाहरू, सरकारी, गैरसरकारी निकायहरू, सहकारी संघ संस्थाहरू, पत्रकार मित्रहरू, कर्मचारी मित्रहरू, प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउने सबै सबैप्रती आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

**अन्तमा,**

संस्थाको २४ औं वार्षिक साधारण सभाको अवसर पारी प्रकाशन हुन गैरहेको संस्थाको मुखपत्र ग्रामीण कन्दरामा प्रकाशित वार्षिक प्रतिवेदन, प्रस्तावित नीति तथा कार्यक्रमले साच्चै गरिविमुक्त, शोषणरहित समृद्ध समाजको निर्माणमा योगदान पुग्नेछ भन्ने अपेक्षाका साथ प्रकाशनमा खट्ने जुट्ने सबैप्रती आभार एवं कृतज्ञता व्यक्त गर्दै अर्को अङ्कमा भेट्ने बाचा सहित लेखनीलाई अन्त गर्दछु ।

**धन्यवाद । जय सिवाईसी**

**मिति:-२०७२/०९/२५**

# वार्षिक प्रगति प्रतिवेदन र प्रस्तावित नीति तथा कार्यक्रम

## चारतारे युवा क्लव सिवाईसी नेपालको चौबीसौं वार्षिक साधारण सभाको अवसरमा संस्थाका सचिव श्री बीरबहादुर किसानद्वारा प्रस्तुत आर्थिक वर्ष ०७१/०७२ को प्रगति प्रतिवेदन र आर्थिक वर्ष ०७२/०७३ को प्रस्तावित नीति तथा कार्यक्रमः-

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, आदरणीय संरक्षक तथा सल्लाहाकारज्यूहरु, विशिष्ठ अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, विभिन्न कार्यालय एवं संघ संस्थावाट आउनुभएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संस्थाका विशिष्ठ, आजीवन र शुभेछुक सदस्यज्यूहरु, पत्रकार मित्रहरु लगायत विभिन्न तह र तप्कावाट यहाँ उपस्थित महानुभावहरु ,

**अध्यक्ष महोदय, आदरणीय सभासदज्यूहरु**

२०४८/०६/२० मा तित्याङ ९ अदुवावारी स्थित स्व. पण्डित रविप्रसाद उपाध्यायको ऐतिहाँसिक घरमा सूचना, संगठन, वचत र सीपको चारतारालाई मूल मन्त्र बनाई माटो, वाटो, पानी, खाल्डो जस्ता कार्यक्रमहरुको उद्घोषका साथ समाज रुपान्तरणको पुनित उद्देश्यका लागी स्थापित **सिवाईसी तित्याङ** आज आफ्नो आयतन र आयामलाई वढाँउदै **सिवाईसी नेपाल** वन्न सफल भएको छ। प्रारम्भमा मानवीय श्रोतको उच्चतम परिचालन भएको शोषण रिहत आत्मनिर्भर समाजको निर्माण गर्ने परिकल्पना राखी स्थापित यो संस्था जन्मको हिसावले २३ वर्ष पुरा भै २४ वर्षमा लागिरहेछ यस क्षणमा म संस्थाको स्थापना र बृद्धि विकासमा क्रियाशिल सबै सबै प्रती हार्दिक नमन र कृतज्ञता प्रकट गर्दछु। विगत र वर्तमानका कार्यसमितिहरुका पदाधिकारी सदस्यहरु, उपसमितिहरु, सरकारी, सहकारी संघ संस्था तथा कार्यालयहरु, हाम्रो सेवाका हकवालाहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण प्रति आभार प्रकट गर्दछु।

**अध्यक्ष महोदय**

२०४६ सालको सफल जनआन्दोलन पश्चात् प्राप्त प्रजातान्त्रिक शासन, २०६२ को सफल जनआन्दोलन पश्चात् प्राप्त लोकतन्त्र र लोक्तान्त्रिक गणतन्त्रसम्मको शासन व्यवस्था, पहिलो संविधान सभा निर्वाचन २०६४, दोश्रो संविधान सभा निर्वाचन २०७० का सरल एवं जटिल काल खण्डमा उभिदै अनेक आरोह अवरोह पारगरी आइरहेको संस्थाको वर्तमान अवस्थासम्मको यो गौरवमय स्थिति, स्वाभिमान र आत्मनिर्भरताको अग्रसरतालाई वाणि दिई रहँदा यसको विकासको लागि अहोरात्र खटी सहयोग पुऱ्याउनु हुने इतिहाँसका तमाम सहकर्मीहरु, सहयोद्धा, परिवर्तनगामी शुभचिन्तकहरुको योगदानलाई उच्च सम्मान गर्दै अगाडि वढ्नु पर्दछ भन्ने मान्यता हामीले लिएका छौं। तीव्रतर रुपले वर्तमानमा भै रहेको विश्वको भू मण्डलीकरण र मुलुकको राजनीतिक उत्तर चढावलाई सिवाईसीले नजिकवाट नियालिरहेको छ। आफ्नो संस्थाको अस्तीत्वलाई समेत धरापमा राखी जनआन्दोलन २ मा क्रियाशिल भएको यो संस्था र यसमा आवद्ध लाखौं जनसमुदायको मन आन्दोलन पश्चात देखिएका असहमति र अन्यौलताका कारण अमिलिएको छ। सहिदले वगाएको रगत र हामीले परिकल्पना गरे अनुरुपको लोकतान्त्रिक शासन व्यवस्था र दिगो शान्ति स्थापित हुन सकिरहेको छैन राज्य सञ्चालनको सुन्दर नीति मानिने राजनीति अहिले घृणित र तिरस्कृत वन्ने अवस्थामा आईपुगेको छ। हाम्रा प्रतिनिधि सभासद्हरु जसलाई संविधान निर्माणको महत्वपूर्ण जिम्मेवारी सुम्पएको थियो उनीहरु नै आफ्नो मुख्य प्राथामिक दायित्व निर्वाह गर्न नसकी दोश्रो संविधान सभामा जानुपऱ्यो अझै पनि संविधान अनिर्णयको वन्दी वनिरहेको छ। राज्यको यो जटिलतम परिवेशमा राज्यको सचेत पहरेदार र नागरिक समाज

संस्थाको प्रतिनिधित्वको रुपमा थप भूमिका निर्वाहरु गरी  क्रियाशिल भईरहनु पर्ने आवश्यकतालाई समेत हामीले मध्येनजर गरी यस तर्फ ध्यान आकृष्ट गरेका छौं ।

आफ्ना सदस्य तथा हकवालाहरुलाई राज्यद्वारा विनियोजित वजेटमा पहुँच पुऱ्याउन केन्द्र संजाल मार्फत सचेतना फैलाउने काम गरिएको छ । अहिले सिवाईसीले जल्दो बल्दो मुद्धा पृथ्वीको धरोहर बातावरण बचाई जैविक विविधता कायम राख्न चौतारी, पोखरी, वाटोघाटो निर्माण सरसफाई, आर्गनीक खेती तथा स्थानीय स्तरमा कृषि प्राविधिक र प्रविधि प्रवर्द्धन, वालवालीका युवा तथा महिला सचेतना तथा शशक्तिकरण कार्यक्रमहरुलाई केन्द्रमा राख्दै गईरहेको छ । सामाजिक पुँजी निर्माण तर्फको यसको यात्रा निरन्तर छ । आज लघुवित्त केन्द्रका महिला तथा पुरुषहरु विकास निर्माणमा सक्रिय सहभागी छन् । यसवाट समाजमा सकरात्मक प्रतिफलहरु देखिन थालेका छन् । यसै पृष्ठभुमीमा निम्न बुँदाहरुमा रहि म यो प्रतिवेदनलाई संक्षेपमा पस्कने अनुमति चाहन्छु ।

**१. सांगठानिक स्वरुप :-**

सिवाईसी नेपाल वर्तमानमा १ संरक्षक सहित १० सदस्यीय प्रतिनिधिमूलक कार्यसमिति र ३ सदस्यीय सल्लाहाकारको संरचनामा सञ्चालित छ । विभिन्न पदमा पूर्णकालीन र अल्पकालीन गरी ८० जना कर्मचारीहरु, १७ जना प्रबकता १० जना स्थानीय सम्वाद्दाता, १ वटा मुख्य कार्यालय १७ वटा शाखा कार्यालय र ८ वटा विषयगत उपसमिति मार्फत यस संस्थाका कार्यक्रमलाई छिटो छरितो र विकेन्द्रित रुपमा संचालन गरिएको छ । २ जना जे.टी.ए ११० जना अनुभवी अगुवा कृषक १२१६ वटा केन्द्र १७ वटा शाखा सञ्जाल र १ वटा केन्द्रीय संजाल मार्फत संस्था संचालित र संगठित रहेको छ ।

**२. सदस्यता :-**

यो संस्थाको सदस्यता ३१ जिल्लामा विस्तारित भएको छ । आजीवन र विशिष्ठ १५१३ र सहयोगी ३१७४४ जना सदस्य रहेका छन् । सदस्यहरुको माध्यमबाट संस्थाले थालेको आत्मनिर्भरता र सामाजिक पूँजी विकासको अभियानलाई अगाडि वढाएको छ ।

**३. कार्यसंचालन प्रकृया :-**

संस्थाका हकवालाहरुलाई स्थानीय स्तरबाटै संगठित संयन्त्रमा आवद्ध गराउने अभिप्रायले प्रत्येक टोल टोलमा समूह, केन्द्र, गा.वि.स स्तरमा महिला र युवा विकास सञ्जाल, सहकारी र कृषि विकास समिति, अगुवा कृषक, स्थानीय संवाददाता प्रवक्ता तथा शाखा स्तरमा शाखा स्तरीय संजाल, जिल्ला स्तरमा जिल्ला संजाल हुँदै मुख्य कार्यलयसम्मको सम्पर्क समन्वय र सहकार्यलाई प्रभावकारी वनाईएको छ । संस्थाका कार्यक्रमहरु यिनै समूह, केन्द्र समिति, संजाल र सहकारी मार्फत संचालन गरी निरन्तरता दिईएको छ ।

**४. संस्थागत आवद्धता :-**

यो संस्था जिल्ला प्रशासन कार्यालय बागलुङमा मिति ०४९/०६/२६ दर्ता नं ५४, समाज कल्याण परिषद् काठमाण्डौ आवद्धता नं ११६९, नेपाल राष्ट्र बैंक दर्ता नं ५, लघुवित्त संघ नेपाल, गैर सरकारी संस्था महासंघ नेपाल दर्ता नं २०, शान्तिका लागि साझा अभियान (COCAP) काठमाण्डौ र सुरक्षित मातृत्व सञ्जाल महासंघ नेपाल, स्वावलम्वन विकास केन्द्र ऋक्म काठ्माण्डौ लगायतका राष्ट्रिय स्तरका संस्था तथा निकायहरुमा दर्ता तथा आवद्ध भै आफ्नो संस्थागत आधारहरुलाई सवल रुपमा प्रस्तुत गरिरहेको छ ।

**५. प्रशासनिक स्वरुपः-**

सिवाईसी नेपालमा हाल विकास तथा परियोजना र लघुवित्त विभागमा गरी कूल ८० जना पूर्णकालीन कर्मचारीहरु रहेका छन् । संस्थाको दैनिक प्रशासनिक कार्यको लागि संस्था प्रमुखलाई कार्यकारी प्रमुखको रुपमा तोकिएको छ । नीति निर्माण तहमा वार्षिक साधारण सभा कार्यान्वयन तहमा कार्यसमिति तथा उपसमितिहरु रहेका छन् ।

## ६. संस्थाको सर्वोच्चता र कार्य समितिः-

संस्थाको साधारण सभा सर्वोच्च निकायको रुपमा रहेको छ । हरेक ५/५ वर्षमा संचालन हुने अधिवेसनबाट प्रतिनिधिलमूलक रुपले निर्वाचित हुने ११ जना कार्यसमितिबाट संस्थाको कार्यसम्पादन हुदै आईरहेको छ भने संस्थालाई विभिन्न विषयगत क्षेत्रमा अगाडि बढाउन संस्थाका सदस्यहरुको विशेषज्ञताको आधारमा सल्लाहाकारहरुको मनोनयन र विषयगत उपसमितिहरुको गठन भएको छ। यस अवधिमा कार्य समितिको बैठक १२ पटक बसी विभिन्न रचनात्मक निर्णयहरु गरी कार्यान्वयनमा ल्याईएको छ।

| क्र.स | नामथर | पद | जम्मा बैठक संख्या | उपस्थिती संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | पद्यनाथ शर्मा पौडेल | संरक्षक | १२ | १२ | |
| २. | चण्डिप्रसाद शर्मा पौडेल | अध्यक्ष | १२ | १२ | |
| ३. | लक्ष्मण खड्का | उपाध्यक्ष | १२ | ११ | |
| ४. | विर वहादुर किसान | सचिव | १२ | १२ | |
| ५. | गण्डकी अधिकारी | सह-सचिव | १२ | ९ | |
| ६. | बीमला गुरुङ | कोषाध्यक्ष | १२ | १० | |
| ७. | गोपाल कुमार शर्मा | सदस्य | १२ | ६ | |
| ८. | सीता शर्मा | सदस्य | १२ | ६ | |
| ९. | ओमप्रकाश पौडेल | सदस्य | १२ | ११ | |
| १०. | किरण थापा | सदस्य | १२ | ६ | |
| ११. | रेशमवहादुर के.सी | सदस्य | १२ | ० | |
| १२. | देववहादुर श्रेष्ठ | सल्लाहाकार | १२ | ८ | |
| १३. | जगन्नाथ आचार्य | सल्लाहाकार | १२ | ५ | |
| १४. | ईन्द्रराज पौडेल | सल्लाहाकार | १२ | ४ | |

## ७. संस्थागत र नीतिगत आधारहरु :-

विदेशीको सहयोग विना गैससहरु चल्नै सक्दैनन् र बन्द हुन्छन् भन्ने रुढ मानसिकताबाट एक कदम अगाडि बढ्दै सिवाईसीले सधै हामी माग्ने मात्र हौं भनी परनिर्भरता बनी हीनताबोधमा बाँचेका हकवालाहरुको पुरातनवादी सोच अन्त्यका लागि उदाहरणीय काम गरेको छ। सधै विदेशीका छोराछोरीको खाजा खाने पैसा कटाएर हाम्रो विकास भएको छ भन्ने कुरा हामी सुन्न सक्दैनौं राष्ट्र र हामीप्रतिको यो अपमानलाई हामी शक्तिमा परिणत गर्न स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गर्न चाहान्छौं। यही वस्तु तथ्यलाई आधार मानी विगत ५ वर्षदेखि कुनै प्रकारको विदेशी सहायता विना संस्थालाई निरन्तर सञ्चालन गर्दै आईरहेका छौं। यही कुरालाई मध्येनजर राखी सिवाईसी नेपालले आफूलाई संस्थागत बनाउदै लगेको छ। हालसम्म दुई दर्जन भन्दा बढी नीति नियमहरु निर्माण गरी सोही नीति नियमका आधारमा संस्था संचालित छ। संस्थाको विधान-२०४९, कर्मचारी प्रशासन नियमावली-२०५५, सभा सञ्चालन कार्यविधि-२०५६, निर्वाचन नियमावली-२०५६ लघुवित्त कार्यक्रम कार्यान्वयन निर्देशिका-२०५८ आर्थिक प्रशासन नियमावली-२०६०, जीवन आवस तथा सामाजिक सुरक्षा कोष कार्यान्वयन निर्देशिका-२०६०, सहुम प्रवेश पूर्व तालिम निर्देशिका-२०६२, ईलाका, शाखा, उपशाखा र सम्पर्क कार्यालय स्थापना र सञ्चालन सम्वन्धी निर्देशिका-२०६३, पूर्व सेवाकालीन प्रशिक्षण निर्देशिका-२०६३, केन्द्र मुल्याङ्कन निर्देशिका-२०६३, आन्तरीक लेखा परीक्षण तथा सुपरीवेक्षण निर्देशिका-२०६४, सद्भाव कोष

कार्यानवयन निर्देशिका-२०६६, लघुवित्त विकास कोष सञ्चालन तथा कार्यान्वयन निर्देशिका- २०६८, सिवाईसी पेन्सन बचत कार्यान्वयन निर्देशिका-२०६८, अक्षयकोष स्थापना तथा व्यवस्थापन निर्देशिका-२०६८, संस्था विकास कोष संकलन तथा व्यवस्थापन निर्देशिका-२०६८, समयदान तथा समय व्यवस्थापन नीति-२०६८, लघुउद्यम व्यवसाय विकास ऋण कार्यान्वयन निर्देशिका-२०६९, शाखा मूल्याङ्कन निर्देशिका-२०६९, कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७२, कर्मचारी संचय कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७२, कर्मचारी सहुलीयत ऋण निर्देशिका-२०७२, हकवाला हेरचाह निर्देशिका-२०७२, सोधपुछ र टेलीफोन सञ्चालन निर्देशिका-२०७२, पोशाक र परिचय-पत्र व्यवस्थापन निर्देशिका-२०७२, जस्ता विभिन्न नीति नियमहरु निर्माण गरी आफूलाई सो नीति नियममा वाध्दै संस्था अगाडि बढिरहेको व्यहोरा यहाँहरु माफ राख्न पाउँदा हामीलाई अत्यन्त खुशी लागेको छ। सिवाईसी को यो कदमबाट देशमा कार्यरत सरकारी र गैरसरकारी निकायहरुलाई नयाँ सोच र उत्साह मिल्ने छ भन्ने अपेक्षा समेत हामीले राखेका छौं।

**८. सूचना प्रकाशन र प्रसारणः-**

संस्थाको क्रियाशीलता जीवन्तता र गतिशीलता निश्चित रुपमा सूचना सम्प्रेषणमा भर पर्दछ। यस वस्तु तथ्यलाई आत्मसात् गर्दै सिवाईसी नेपालले सूचना र प्रकाशनको छुट्टै विभाग स्थापना गरी क्रियाशील बनाएको छ। वार्षिक रुपले प्रकाशित **ग्रामीण कन्दरा** जुन सिवाईसी को मुखपत्र पनि हो। यसलाई नियमित रुपमा प्रकाशन गरी सफलताका कथाहरु खोजमूलक प्रकाशन, कृषिसंग सम्बन्धित पुस्तिकाहरु र विभिन्न विषयका समसामयिक पोष्टर, पम्पलेट, फल्याक्स प्रकाशन भईरहेका छन्। मुलुकका समसामायिक समिचिन मुद्दाहरुलाई सम्बोधन दिन रेडियो कार्यक्रमहरु प्रसारण गरिएको छ। भने संस्थाको गतिविधिहरुलाई चुस्त दुरुस्त रुपमा सञ्चालन गर्नका लागि संचार माध्यम र संचार सहकारी स्थापनाको पहल भै रहेको छ।

**९. तालिम तथा शिक्षा**

संस्थाका हकवालाहरुलाई क्षमता विकास र सिप विकासका लागि मौसमी वेमौसमी तरकारी खेती गोठे, कम्पोष्ठमल व्यवस्थापन , प्लाष्टिक घरमा तरकारी खेती, कृषक हक अधिकारका लागि कृषि सम्मेलन, अनुभवी अगुवा कृषक छनौट र तालिम, कृषि विकास समिति गठनमा सहजीकरण र तालिम सिलाई कटाई, व्युटी पार्लर, विद्युत जडान, सहकारी शिक्षा, पशुपालन जस्ता विविध सिपहरु प्रदान गरिएको छ। कर्मचारीहरुका लागि १५ दिने र ७ दिने पुर्वसेवाकालीन तालिम, सेवाकालीन तालिम, लघुवित्त व्यवस्थापन तालिम, सकरात्मक अध्ययन शैली तथा नेतृत्व विकास तालिम लगायतका आवश्यक तालिम तथा गोष्ठीहरुको संचालन गरिएको छ। यस अवधिमा संस्थाद्धारा सञ्चालीत तालिम कार्यक्रम तथा संस्थाको प्रतिनिधित्व गरेर अन्य संघ संस्थाले आयोजना गरेका तालिम कार्यक्रममा भएको सहभागिताको विवरण।

**संस्थाद्धारा सञ्चालीत तालिम कार्यक्रमहरु**

| क्र.स | तालिमको नाम | संख्या | | तालिम स्थल | मिति |
|---|---|---|---|---|---|
| | | तालिम | सहभागि | | |
| १ | पूर्व सेवा कालीन तथा क्षमता विकास तालिम | १ | २० | वागलुङ बजार | २०७१/४/२७-५/१ |
| २ | पूर्व सेवा कालीन तथा क्षमता विकास तालिम | १ | २१ | वागलुङ बजार | २०७१/९/२७-१०-१ |
| ३ | प्रभावकारी उद्घोषण तथा भाषाणकला तालिम | १ | ४७ | वागलुङ बजार | २०७२/०२/०५-०७ |
| ४ | समृद्ध नेपाल निर्माणमा हाम्रो दायीतव र भूमिका | १ | ४३ | वागलुङ बजार | २०७२/४/३-४/४ |

## संस्थाद्धारा सहभागि भएका तालिम कार्यक्रमहरु

| क्र.स | तालिमको नाम | सहभागि जनाउने व्यक्ति | आयोजक | मिति |
|---|---|---|---|---|
| १ | DR preparedness | महेश शर्मा | ह्याविट्याट फर हुम्यानिटी नेपाल | ०७१ बैशाख १४ र १५ गते |
| २ | व्यवसायीक योजना तालिम | मुक्तिप्रसाद शर्मा र रमा तिमील्सीना | यु.एस.ए.आई.डी. | ०७१ जेठ ७ र ९ गते |
| ३ | Training on Accelerating Managerial Skills | शान्ति शर्मा | फस्ट माईक्रोफाईनान्स कम्पनी लि. | ०७१ आषढ ७ र ८ गते |
| ४ | Planning Effective Delivery of Education in a future federal state | विरवहादुर किसना | युनेस्का | ०७१ भाद्र २७ गते |
| ५ | पश्चिमाञ्चल क्षेत्रका साझेदार लघुवित्त संस्थाहरुको वार्षिक समिक्षा गोष्ठि | चण्डिप्रसाद शर्मा पौडेल, मुक्तिप्रसाद शर्मा | आर.एम.डि.सी | ०७१-०८/०८ र ०९ |
| ६ | शाखा प्रवन्धकको व्यवस्थापकीय क्षमतामा अभिवृद्धि | सुमन वस्याल, टिका पाण्डे र यमुना भारी | स्वावलम्वन विकास केन्द्र | ०७१-१०/१८ देखी २१ |
| ७ | शाखा प्रवन्धकहरुको क्षमता अभिवृद्धि | दुर्गादत्त पौडेल, रेनु खड्का र जमुना राम्जाली | आर.एम.डि.सी | २०७१/११/१६ देखी १८ |
| ८ | स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण जिल्ला संजालको दुई दिने राष्ट्रिय भेला | ओमप्रकाश पौडेल | रेस्फेक | २०७१ चैत्र १६ र १७ |

### १०. अध्ययन अवलोकन भ्रमण

संस्थाद्वारा संचालित लघुवित्त कार्यक्रमको प्रभावकारी संञ्चालनका लागि विदेशका अनुभव र प्रयोगहरुको जानकारी लिनका लागि संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेल श्रीलङ्का र कार्यसमितिका सह-सचिव गण्डकी थापा अधिकारी, कार्यसमिति सदस्य श्री सिता शर्मा र ओमप्रकाश पौडेल फिलीपीन्सका सफल लघुवित्तीय संस्थाको भ्रमण गर्नु भएको थियो ।

### ११. स्वाबलम्वन तथा आत्मनिर्भरता लागि चालिएका प्रयासहरु

संस्था दिगो र जिवन्त हुन आत्मनिर्भर र स्वावलम्वी वन्नु पर्दछ परमुखापेक्षीपन र दातामुखी धारणा चिन्तन वन्न सक्दैनन् यही कुरालाई आत्मसात गर्दै सिवाईसी ले आफुलाई निम्न योजना र कार्यक्रमका साथ आफुलाई स्वावलम्वी वनाउदै लगिरहेको छ ।

- **जग्गा खरीद तथा भवन निर्माण कोष**

  सिवाईसी कार्यसमिति, कर्मचारीहरुको पहलमा शुरु गरिएको यो कार्यक्रमलाई विस्तार गरी यस कोषवाट संस्थाको नाममा  वागलुङ नगरपालिका वडा नं ३ मा ०-६-२-४ क्षेत्रफलको जग्गा रु ११०००००० मा खरीद गरीएको छ । संस्थाको भवन निर्माणका लागि हकवाला, संस्था कार्यसमिति, कर्मचारी, समाजसेवी, सरकारी, सहकारी, गैरसरकारी, संघ संस्थाहरुसंग सहयोग र समन्वयको लागि पहल भै रहेको छ भने हाल यो कोषमा रु २०७९०५६१ रहेको छ ।

- **अक्षयकोषः**
  विदेशीहरुले आफ्नो खानाको पैसा कटाएर विकासे अभियान संचालन गरेको तथ्यलाई आत्मसाथ गरी सधै परनिर्भरताको आरोप लाग्ने गरेका गै.स.स. हरुलाई सवक सिकाउने अभिप्रायले पुराना पत्रपत्रिकाको संकलन गरी बिक्री गर्ने, मुष्टिदान, मासिक अनुदान, सदस्यता शुल्क तालिम शुल्क आदिबाट जम्मा गरिएको यो कोषमा रु. १६१८६७७० पुऱ्याईएको छ ।
- **लघुवित्त विकास कोषः**
  हजारौ गरीव तथा विपन्न महिलाहरुको आशाको रुपमा रहेको लघुवित्त कार्यक्रमको संस्थागत विकासका लागि हकवालाहरुबाट जम्मा रु. ५०, नयाँ कर्मचारी प्रवेश गर्दा रु १०००, संचालन नाफाको केही प्रतिशत, कार्य समितिबाट उपलब्ध अनुदान रकम आदिबाट यो कोषको स्थापना गरिएको छ। यो कोषमा हालसम्म रु. १०२२५०२३ पुगेको छ। यसवाट सरोकारवालाहरुको सिप विकास र क्षमता विकासका कार्यहरु संचालन भै रहेका छन् ।
- **संस्थागत विकासकोष**
  संस्थाको आत्मनिर्भरता र संस्थागत विकास लगाएतका कामहरु संचालनको लागि स्थापना गरिएको यो कोषमा हालसम्म १५४६७१९८ पुगेको छ।
- **सिवाईसी पेन्सन वचत कोषः**
  गरीबीको रेखामुनि रहेका महिला दिदी बहिनी तथा दाजुभाईहरुको बुढेसकाल सुखद रहोस् भन्ने अभिप्रायले स्थापित पेन्सन बचत व्यवस्था कोषमा हालसम्म रु. ४५७७५२०७ संकलन भएको छ।
- **कर्जा सुरक्षण कोष ः**
  सिवाईसी लघुवित्त कार्यक्रमका ग्राहक सदस्यहरुको मृत्यु भएको अवस्थामा उनीहरुको नाममा रहेको तोकिए बमोजिमको ऋण मिनाहा गर्ने र कर्जा अपलेखन गर्ने अभिप्रायले खडा गरिएको यस कोषमा हाल सम्म रु २३१०४५५० संकलन भएको छ।
- **जिवन तथा आवास सुरक्षा योजना कोष**
  लघुवित्त कार्यक्रममा संलग्न सदस्य वा निजको श्रीमानूको जीवन सुरक्षा, सदस्य आफु वसेको घरमा कुनै दैवी विपत्ति आई सो घर क्षती वा नष्ट भएमा उपलव्ध गराईने राहात, सदस्यहरु सुत्केरी हुँदा उनीहरुलाई भेटघाट, स्वास्थ्य परीक्षण सुत्केरी भएको ४५ दिन सम्म कडा प्रकृतिको काम नगर्न उचित वातावरण सृजना गर्ने अभिप्रायले सदस्यको घरमा पुगी सुत्केरी वापत उपलव्ध गराईने राहात र संस्थाको लघुवित्त कार्यक्रममा संलग्न सदस्यका छोराछोरीहरुले सरकारी विद्यालयवाट वीऋ परीक्षामा विशिष्ठ श्रेणीमा उत्तीर्ण भएमा शैक्षिक सुविधा वापत रकम उपलव्ध गराउनका लागि स्थापित यस कोषमा हाल सम्म रु ६७८८५० संकलन भएको।
- **सद्भाव कोष**
  चारतारे युवा क्लव सिवाईसी नेपालको वर्तमान कार्यसमितका पदाधिकारी, पुर्व कार्यसमितिका पदाधिकारी सदस्यहरु र संस्थाका सदस्यहरुलाई असजिलो परेको अवस्थामा उनिहरुलाई सहयोग पुऱ्याउने अभिप्रायले स्थापीत यस कोषमा हाल सम्म रु १७६३३४९ संकलन भएको छ।
- **कर्मचारी संचय कोष**
  चारतारे युवा क्लव सिवाईसी नेपालको संस्थागत सेवा दरवन्दीमा कार्यरत कर्मचारीहरुद्धार संचय गरिएको रकमको व्यवस्थीत रुपमा संचालन गरी भविष्यमा आईपर्ने वाधा व्यवधान हटाई उनिहरुको सामाजिक सुरक्षा गर्नका लागि स्थापीत यस कोषमा हालसम्म रु १०८७२१४ संकलन भएको छ।

**अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, आदरणीय सभासद्ज्यूहरू अब म यस संस्थाद्वारा आ.व ०७१/०७२ मा संचालित कार्यक्रमहरूको प्रगति संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

**१. लघुवित्त कार्यक्रम**

यस संस्थाले नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थता सम्बन्धी ऐन २०५५ अनुसार अनुमति प्राप्त गरी बागलुङ, गुल्मी, अर्घाखाँची, पाल्पा, तनहुँ र लमजुङ जिल्लामा लघुवित्त कार्यक्रम सञ्चालन गरिरहेको छ। विपन्न वर्गका महिला पुरुषहरुलाई धितो र विना धितो सामूहिक जमानीमा ऋण उपलब्ध गराई गरिवी न्यूनीकरणको राष्ट्रिय लक्ष्य सहश्राव्दी विकास लक्ष्य सन् २०१५ हाँसिल गर्नका लागि टेवा पुऱ्याउँदै आईरहेको । यसका ६ वटा जिल्लाहरुका १६ वटा शाखा कार्यालयहरुबाट सेवा उपलब्ध गराईएको छ। विस्तृत विवरण यस प्रकार रहेको छ :

सशक्तिकरण र लघुउद्यम विकासका लागि ६ वटा सम्मेलनहरुको आयोजना गरी ४६५० जना महिला तथा पुरुषहरुलाई कार्यक्रममा समाहित गरिनुका साथै गा.वि.स स्तरीय र शाखाहरुमा शाखा स्तरीय सञ्जाल गठन गरिएको छ।

**गा.वि.स जिल्ला र केन्द्र स्तरमा रहेको संजालहरुको विवरण यस प्रकार रहेको छ।**

| क्र.स | शाखाको नाम | गा.वि.स | संजाल संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | बागलुङ शाखा | ७ | ६ | ५० | १ | ५१ |
| २. | हटिया शाखा | ११ | ८ | ९७ | – | ९७ |
| ३. | तम्घास शाखा | १५ | ८ | १०१ | १ | १०१ |
| ४. | वेशिसहर शाखा | १३ | ८ | ८९ | – | ८९ |
| ५. | सुन्दरबजार शाखा | १५ | १३ | १६२ | – | १६२ |
| ६. | खर्बाङ शाखा | १६ | ११ | १६७ | १२ | १७९ |
| ७. | बुर्तिबाङ शाखा | १२ | ६ | १२२ | – | १२२ |
| ८. | कुश्मिसेरा शाखा | ९ | ८ | १०२ | – | १०२ |
| ९. | शान्तीपुर शाखा | १३ | १० | ९१ | – | ९१ |
| १०. | तानसेन शाखा | १५ | ६ | ४७ | – | ४७ |
| ११. | वेलवगर शाखा | ३ | ३ | १५ | – | १५ |
| १२. | वरेङ शाखा | ८ | ७ | ७९ | – | ७९ |
| १३. | अक्षते शाखा | ८ | ७ | ८६ | – | ८६ |
| १४. | दमौली शाखा | ० | – | – | – | – |
| १५. | खैरेनीटार शाखा | ० | १ | १९ | – | १९ |
| १६. | रामपुर शाखा | ० | – | – | – | – |
| **जम्मा** | | **१४५** | **१०२** | **१२२७** | **१४** | **१२४१** |

- १८८ वटा समूह प्रवेश तालिम १०० वटा पुनर्ताजगी तालिम सञ्चालन गरी सो तालिमबाट ४०९५ जना सदस्यहरु लाभान्वित भएका छन् ।
- काम गर्ने जोस जाँगर भएका तर आर्थिक स्रोतको अभाव रहेका १७९२८जना गरीब तथा विपन्न वर्गका महिला र पुरुष दाजुभाई तथा दिदीबहिनीहरुलाई आयमूलक कार्यका लागि ५५,६७,९५,९९५ रुपैया कर्जा प्रवाह गरी आयका अवसरहरु सृजना गरिएको छ।

- यस अवधिमा लघुवित्त कार्यक्रममा संलग्न १०४५ जना सदस्यहरुलाई रु. २५५९८७१ रुपैया वरावरको राहत सुविधा सहयोग स्वरुप उपलब्ध गराईएको छ। जसमध्ये सुत्केरी राहात ७७३ जनालाइ १०४५००० आवास सुविधा ५५ जनालाई ८४२०० जीवन सुविधा १५५ जनालाई ७९०५००, शैक्षिक सुविधा ३ जनालाई ७००० र मृत्यु भएका सदस्यहरुको नाममा रहेको ऋण मिनाहा २६ जनाको ५६११७१ रुपैयाँ रहेको छ। यसले सामाजिक सुरक्षामा ऋथ्ऋ को प्रतिवद्वतालाई पुष्टि गर्दछ। यसैका कारण सिवाईसी सवैको आशा र भरोसाको केन्द्र वनेको छ।

| शाखाको नाम | सुत्केरी राहत | | जिवन,मृत्यु ,राहत | | शैक्षिक सुविधा | | आवास सुविधा | | स्वास्थ्य सुविधा | | जम्मा | जम्मा | ऋण मिनाहा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| वागलुङ | ८३ | १२४५०० | १३ | ५८७५० | ० | ० | ३४ | ५९५०० | ४ | ७५०० | १३४ | २५०२५० | १ | १६९१ |
| हटिया | १३ | १२१५०० | २० | ९८००० | ० | ० | ४५ | ७८००० | १४ | २८५०० | ९२ | ३२६००० | ३ | ४९९९५ |
| तम्घास | ६९ | १०३५०० | १३ | ६०००० | ० | ० | ७ | १८००० | २ | ५००० | ९१ | १८६५०० | २ | ३७२२७ |
| वेशिशहर | ६७ | १००५०० | २२ | १०१२५० | ० | ० | ४३२ | ३३४५०० | ४ | ८००० | ५२५ | ५४४२५० | २ | ११२०७८ |
| सुन्दरवजार | ५७ | ८५५०० | १९ | ८४७५० | १ | २००० | १६८ | २४६५०० | १० | २७५०० | २५५ | ४४६२५० | २ | २९२७० |
| खर्वाङ | ९५ | १४२५०० | २१ | ७९५०० | ० | ० | १६४ | २१८७०० | २८ | ४०७०० | ३०८ | ४८१४०० | ४ | ७९८१० |
| वुर्तिवाङ | ११५ | १७२५०० | १७ | ८२५०० | ० | ० | २७ | ४५४०० | ६ | १५५०० | १६५ | ३१५९०० | ४ | ४२६३६ |
| कुश्मिशेरा | ४६ | ६९००० | ७ | २६५०० | ३ | ६००० | ४६ | ६१०५० | १ | १५०० | १०३ | १६४०५० | १ | १७५०० |
| शीन्तपुर | ६८ | १०२००० | १५ | ६९३०० | २ | ४००० | ७२ | ७९४०० | ७ | १४००० | १६४ | २६८७०० | २ | १७११६ |
| तानसेन | ३८ | ५७००० | ७ | ३६००० | १ | २००० | २ | २७०० | ३ | ४७०० | ५१ | १०२४०० | ० | ० |
| वेलवगर | १८ | २७००० | २ | १२००० | ० | ० | ६ | ९००० | ० | ० | २६ | ४८००० | ० | ० |
| वरेङ | ३५ | ५२५०० | ७ | ३६००० | ० | ० | ५४ | ८४९०० | १ | ३००० | ९७ | १७६४०० | ० | ० |
| अक्षते | ८६ | १२९००० | ९ | ३३७५० | ० | ० | १३ | १९५०० | १ | ३००० | १०९ | १८५२५० | ३ | ६९९९७ |
| दमौली | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| खैरेनिटार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| रामपूर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **कुल जम्मा** | ७९० | १२८७००० | १७२ | ७७८३०० | ७ | १४००० | १०७० | १२५७१५० | ८१ | १५८९०० | २१२० | ३४९५३५० | २४ | ४५७३२० |

## आ.व. २०६६ देखि आ.व. २०७२ सम्मको संस्थाको प्रगति विवरण

| क्र स | विवरण | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ |
|---|---|---|---|---|---|---|---|
| १) | ***संस्थागत विवरण*** | | | | | | |
| क) | शाखा कार्यालय संख्या | ९ | १० | १० | १० | १३ | १६ |
| ख) | कुल कर्मचारी संख्या | ४३ | ५२ | ६० | ६९ | १०१ | १२० |
| ग) | प्रवन्धक,शाखा प्रवन्धक | ११ | १३ | १३ | १३ | १५ | १७ |
| घ) | केन्द्र व्यवस्थापक | ३२ | ३९ | ४७ | ५६ | ८६ | १०३ |
| २ | ***सेवा विस्तार*** | | | | | | |
| क) | कार्यक्रम पुगेको जिल्ला | ५ | ६ | ६ | ६ | ६ | ६ |
| ख) | कार्यक्रम पुगेको गा.वि.स | ९१ | १०५ | १२३ | १३० | १३७ | १४५ |
| ग) | कार्यक्रम पुगेको न.पा | १ | २ | २ | २ | ४ | ५ |
| घ) | कुल केन्द संख्या | ५८३ | ६९६ | ८१९ | ९०५ | १०२८ | १२१६ |
| ङ) | कुल समुह संख्या | ३४६८ | ४०९० | ४७३४ | ५३२० | ५८०८ | ६६९६ |
| च) | कुल सदस्य संख्या | १६९३६ | १९९४४ | २२७९४ | २४७८१ | २७६७९ | ३१७७४ |
| छ) | कुल ऋणी संख्या | ९७२० | १०१०८ | ११३५६ | १७५२२ | १४४६८ | १७९२८ |
| ३) | ***बचत परिचालन*** | **३०१२४७६१** | **४९७८६९८६** | **७८५७३९९९** | **११७४८२११८** | **१६९९९२३५५** | **२४३४३४८५५** |
| क) | कुल अनिवार्य बचत | ९६६१२९० | १५९२७०५९ | २३९२०७३४ | ३५५८७८३६ | ५२०२८३३२ | ७०५७५४८१ |
| ख) | कुल व्यक्तिगत बचत | ५८२२११७ | ८०४६०२३ | ११८१७३९७ | १७३२२६९७ | २६०३९९३६ | ४४७९९४८४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ग) | सिवाईसी पेन्सन बचत | १३२७५२३० | २४३७२९१० | ४०२५८१८० | ६०९०६३६० | ८६५६००६५ | ११९२८६४०० |
| घ) | विशेष बचत | ० | ५१००० | ३३२५०० | ४२३३०० | ८५२३०० | १९३३२४० |
| ङ) | उपकारकोष बचत | ५६७६१९ | ८८०४९२ | १९१७५३१ | ३०६२८९२ | ४२८२६०७ | ५७९११७७ |
| च) | घरनिर्माण वचत | ० | ० | ० | ० | १७१३४० | ७२०७६३ |
| छ) | वाल बचत | ० | ० | ० | ० | ० | १७३९०० |
| ज) | पर्व वचत | ० | ० | ० | ० | ० | १२२४८३ |
| झ) | गरगहना बचत | ० | ० | ० | ० | ० | ० |
| ञ) | केन्द्रकोष बचत | ७९८५०५ | ५०९५०२ | ३२७६५७ | १७९०३३ | ५७७७५ | ३१९३० |
| **४)** | ***कोष परिचालन*** | **७११२०८३** | **१२९३५७२०** | **२३१०६८५६** | **३८६२३२४९** | **१४९१२३५४** | **२३७८३४००** |
| क) | जि.आ.तथा सा.सु कोष | ७८६००० | ९१४७५० | ५६८७५० | १०००००० | १३७३०५० | ६७८८५० |
| ख) | कर्जा सुरक्षण कोष | १५६८१८७ | २५१८९५७ | ३४८६७८३ | ७००४८५२ | १३५३९३०४ | २३१०४५५० |
| ५) | ***ऋण वितरण*** | | | | | | |
| क) | कुल ऋण वितरण रु. | २५२३२७०६० | ४५९३२२४७८ | ७९३२४४९६९ | १२६५४२७७४४ | २००४४६०१३२ | ३०११०८२७९८ |
| ख) | कुल ऋणी असुली | १८३४१४९११ | ३४३२३७०४४ | ६१०५०७१४० | १०००९७८८६१ | १६२६५७४३६१ | २४५४२८६८०३ |
| **ग)** | **लगानीमा र ऋण** | **६८९१२१४९** | **११६०८५४३४** | **१८२७३७८२९** | **२६४४४८८८३** | **३७७८८५७७१** | **५५६७९५९९५** |
| ग) | भाखा नघाउने सदस्य | ५ | ९ | २८ | ६४ | ५५ | ९२ |
| घ) | असुली दर | ९९.९६ | ९९.९९ | ९९.९८ | ९९.८८ | ९९.९३ | ९९.९१ |
| ६ | कुल आम्दानी | ११००२४३६ | २२०७२६४१.२ | ३५६१९९५९.१ | ५६५९८३५९ | ८३३३१४०१ | १०९९१८२४३ |
| ७ | कुल खर्च | ९९५८१६४.७७ | १६०८०१६८.६ | २६४५५२११.६ | ८१८६९६९१ | ६५११८३४८.६ | ७१९८३५५८ |
| ८ | संचालन स्वसक्षमता | ११० | १३७ | १३५ | १३५ | १२८ | १५३ |

## लघुवित्त कार्यक्रम शाखा अनुसारको प्रगति विवरण २०७२ असार मसान्त सम्म

| शाखाको नाम | गाविस/न.पा. | कर्मचारी संख्या | समुह संख्या | केन्द्र संख्या | सदस्य संख्या | ऋणी संख्या |
|---|---|---|---|---|---|---|
| वागलुङ शाखा | ७ | ७ | ६०८ | ११३ | २८३० | १७२४ |
| हटिया शाखा | ११ | ६ | ६३४ | १०२ | ३०८९ | १८०१ |
| तम्घास शाखा | १५ | ५ | ६०९ | १११ | २७९४ | १२६९ |
| वेशिसहर शाखा | १३ | ६ | ५५८ | ११६ | २५३९ | २०८४ |
| सुन्दरवजार शाखा | १५ | ७ | ५१३ | ११६ | २३८० | १५४० |
| खर्वाङ शाखा | १६ | ९ | ९८० | १४५ | ४५३९ | २८२० |
| वुर्तिवाङ शाखा | १२ | ५ | ६६९ | १०६ | ३३१४ | २०४३ |
| कुश्मिसेरा शाखा | ९ | ४ | ४३१ | ८१ | १९६९ | ७९५ |
| शान्तिपुर शाखा | १३ | ६ | ५६२ | ९२ | २७७८ | १३८३ |
| तानसेन शाखा | १५ | ५ | २९२ | ७९ | १४६१ | ९५२ |
| बेलवगर शाखा | ३ | २ | १४५ | २८ | ७०९ | १७३ |
| वरेङ शाखा | ८ | ३ | २८७ | ५३ | १३४२ | ५०८ |
| अक्षते शाखा | ८ | ५ | ३९५ | ६९ | १९६७ | ८२५ |
| दमौली शाखा | १ | ३ | १३ | ५ | ६३ | ११ |
| खैरेनीटार शाखा | ० | ० | ० | ० | ० | ० |
| रामपुर शाखा | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **१४५** | **८०** | **६६९६** | **१२१६** | **६६९६** | **१७९२८** |

## लघुवित्त कार्यक्रम शाखा अनुसारको वचत तथा ऋण सम्वन्धि प्रगति विवरण

| क्र.स | शाखाको नाम | वचत संकलन | ऋण लगानी | ऋण असुली | लगानिमा वाँकी | खराब व्यवस्था कोष |
|---|---|---|---|---|---|---|
| १. | मुख्य कार्यालय | ९०१६०० | ० | ० | ० | ० |
| २. | वागलुङ शाखा | २४८७४९७१ | ३६९१३८७०० | ३१९०४७३०४ | ५००९१३९६ | ४३१३७९ |
| ३. | हटिया शाखा | ३०६१४५०८ | ४०८४५६१०० | ३४६२६२४४७ | ६२१९३६५३ | ७८४१९१ |
| ४. | तम्घास शाखा | २०५४७३१७ | २२२३१११६६ | १८०३२०००५ | ४१९९११६१ | ९४०८४८ |
| ५. | वेशिसहर शाखा | २०२२९८३० | ३८६६३५५०० | ३१८९४३२०२ | ६७६९२२९८ | ११४९८९१ |
| ६. | सुन्दरवजार शाखा | २०३२२३७० | ३०६४०९५०० | २५५६३६४३२ | ५०७७३०६८ | ७१६०४६ |
| ७. | खर्वाङ शाखा | ४०५३७९५७ | ४७९२२३५०९ | ३८८७७०९८८ | ९०४५२५२१ | १०८२९१८ |
| ८. | वुर्तिवाङ शाखा | २१२४४७८४ | २७७४८११०९ | २१८०६३०४५ | ५९४१८०६४ | ९३१५०७ |
| ९. | कुश्मिसेरा शाखा | १२७२००१४ | १२५८२४७१४ | १०४०९८२९० | २१७२६४२४ | २३८३४० |
| १०. | शान्तिपुर शाखा | १९२२६६२२ | १७३९३४५०० | १२९०७०६२२ | ४४८६३८७८ | १२५६९४५ |
| ११. | तानसेन शाखा | ११२०८६६३ | ११००२५००० | ८३४६२३९४ | २६५६२६०६ | ५१०७०६ |
| १२. | बेलवगर शाखा | २६९८०२६ | ८९५८००० | ४४४८४३७ | ४५०९५६३ | २२५४७८ |
| १३. | वरेङ शाखा | ५३३२४२४ | ४११३२००० | २६६२०४९७ | १४५११५०३ | ५५०१९४ |
| १४. | अक्षते शाखा | १२९४५०६४ | १०१०५८००० | ७९५४३१४० | २१५१४८६० | ४५४१४७ |
| १५. | दमौली शाखा | ३०७०५ | ४९५००० | ० | ४९५००० | २४७५० |
| १६. | खैरेनीटार शाखा | ० | ० | ० | ० | ० |
| १७. | रामपुर शाखा | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **२४३४३४८५५** | **३०११०८२७९८** | **२४५४२८६८०३** | **५५६७९५९९५** | **९२९७३४०** |

## शाखागता जातीय विवराणमा लघुवित्त कार्यक्रम

| शाखाको नाम | दलीत | जनजाती | ब्राहमण/क्षेत्री | अन्य |
|---|---|---|---|---|
| **बागलुङ** | ६६९ | ७७१ | १३४० | ५० |
| **हटिया** | ९८७ | ७७५ | १३०२ | २५ |
| **तम्घास** | १३०१ | ६६२ | ७९० | ४० |
| **बेशिसहर** | ४८६ | १६१५ | ४३७ | १ |
| **सुन्दरबजार** | ५८५ | १०३७ | ५५८ | २०० |
| **खर्वाङ** | ८०३ | २३२४ | १४१२ | ० |
| **बुर्तिवाङ** | ८१६ | ११०३ | १३८७ | ८ |
| **कुश्मिसेरा** | ७०३ | २९४ | ९६१ | ११ |
| **शान्तिपुर** | ८३१ | ६६५ | १२२४ | ५८ |
| **तानसेन** | ३७७ | ८२४ | २६० | ० |
| **बेलवगर** | १४२ | २१३ | ३५५ | ० |
| **बरेङ** | २६५ | ७८९ | २८५ | ३ |
| **अक्षते** | ५६१ | ८५४ | ४९६ | ५६ |
| **दमौली** | २४ | १९ | २० | ० |
| **जम्मा** | **८५५०** | **११९४६** | **१०८२७** | **४५२** |

द्द

२. **दिगो एवं सहभागितात्मक कृषि विकास कार्यक्रम :-**

- सिवाईसी लघुवित्त कार्यक्रम अन्तर्गतका ८ वटा शाखा अन्तर्गत रु ५ लाख २८ हजार ६ सय ५० वरावरको तालिम तथा विउ वितरण गरिएको छ।
- जिल्ला भु-संरक्षण कार्यालयसंगको सहकार्यमा वागलुङको तित्याङ, भकुण्डे, मालिका, पाला, सिगाना र रेश गाविसका कृषकहरुका लागि सुन्तला, कागती, राई खन्नीम, फलफुल र डालेघासका विरुवा वितरण गर्ने कार्य भएको छ।
- तित्याङ र भकुण्डे गाविसलाई लाई कृषि गाउँको रुपमा विकास गर्न सिवाईसी नेपाल र सिवाइसी सहकारीले संयुक्त रुपमा सहकार्य गरी प्लाष्टिकमा अनुदान र कृषक योजना तर्जुमा गोष्ठि जस्ता कार्यहरु सञ्चालन गरिएको छ।
- कृषि पेसालाई सम्मानित, मर्यादित, र व्यावसायिक बनाउने अभिप्रयाले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २६५ (२) अनुसार कृषि विकास समितिको विनियमावली मस्यौदा तयार गरी बागलुङ जिल्लाका ४५ वटा गा.वि.स हरुमा कृषि विकास समिति गठन गरी सोही अनुरुप गा.वि.स तहवाट कृषि क्षेत्रमा ,विनियोजित रकम परिचालन भएको छ।
- कृषकहरुले मल विउ सर्वसुलभ रुपमा प्राप्त गर्न सकुन भन्ने अभिप्रायले सिवाईसी विउ भण्डार स्थापना गरी सोही भण्डारवाट सेवा उपलव्ध गराईएको छ।
- तित्याङ गाविसमा सिंचाईका लागि रु १२६० वरावरको पोलीथीन पाईप उपलव्ध गराईएको थियो।

३. **महिला संजालको क्षमता अभिवृद्धि कार्यक्रम**

- बागलुङ जिल्लाका विभिन्न गाविसका गाविस स्तरीय महिला समन्वय समिति तथा तथा संजालको क्षमता अभिवृद्धि गरिएको छ। महिला हिंसा विरुद्धको १ महिने अभियान  र अन्य महिला हिंसा विरुद्ध अभियान तथा कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- बागलुङ जिल्लाको रेश गाविस र लमजुङ जिल्लाको सुन्दरवजार शाखा र वेशिसहर शाखा अन्तर्गत १०४ औं अन्तराष्ट्रिय नारी दिवस कार्यक्रम सम्पन्न गरिएको थियो।
- समान कामका लागि समान दामको अवधारण अगाडि वढाई महिला पुरुषमा ज्यालामा देखिएको असमानता हटाउनका लागि विविध कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- सिवाईसी लघुवित्त कार्यक्रम अन्तर्गतका महिला संजालहरुको क्षमता अभिवृद्धि, तालिम, गोष्ठि, भ्रमण जस्ता कार्यहरु सञ्चालन गरिएको छ।
- महिलाहरुको स्वास्थ्य अवस्थालाई विशेष ध्यान दिई सुरक्षित मातृत्व सम्वन्धी जनचेतना जगाउने अभियान सञ्चालन गरिएको छ साथै गर्भावस्था र प्रसव अवस्थामा उचित वातावरण सिर्जनाको लागि परामर्श तथा आर्थिक सहयोग उपलव्ध गराईएको छ।
- विहुँ गाविस वडा नं. ६ मा रहेको केन्द्र नं ५२ को केन्द्रघर निर्माणका लागि रु ५००० सहयोग गरिएको छ।
- तित्याङ गाविस वडा नं ३ मा रहेको केन्द्र नं ३३ को केन्द्रघर निर्माणका लागि रु २००० सहयोग गरिएको छ।

४. **स्वास्थ्य अधिकार तथा सुर्तीजन्य वस्तु नियन्त्रण कार्यक्रम**

- सुर्ति नियन्त्रण तथा नियमन ऐनलाई प्रभावकारी कार्यान्वयन गराउन संस्थाद्वारा सञ्चालीत अन्य कार्यक्रमहरुमा पनि यो विषयलाई समावेश गरी जानकारी गराउने गरिएको छ।
- युवाहरुको संजाल मार्फत सुर्तीजन्य पदार्थहरु न्यूनिकरण र निःशुल्क स्वास्थ्य सेवाको लागि उचित वातवरण सिर्जना भएको छ।

- सार्वजानीक स्थलमा धुम्रपान गर्नेहरुको संख्या घटेको छ। विवाह, भोज, भतेरहरुमा चुरोट राख्ने प्रचलन घटेको छ।

**५. पोषण पुर्नस्थापना केन्द्र स्थापना तथा सञ्चालनः-**

कुपोषित वालवालीकाहरुलाई र उनिहरुका अभिभावकहरुलाई निःशुल्क पोषण तथा उपचार दिने अभिप्रायले धौलागिरी अञ्चल अस्पतालमा पोषण पुर्नस्थापना गृह निर्माणको कार्य सम्पन्न गरिएको छ। १० वेड क्षमता भएको यस पोषण पुर्नस्थापन गृहमा हाल सम्म १५४ जना भन्दा वढि वालवालीकालाई पोषण सेवा उपलव्ध गराईएको छ र पोषण सेवा सञ्चालनका लागि ९ जना पुर्णकालीन कर्मचारीहरुको नियुक्ति गरी कार्यप्रकृया अगाडि वढाईएको छ। यस कार्यमा धौलागीरी अञ्चल असपताल वागलुङको पुर्ण सहयोग र समर्थन रहेको छ।

**६. युवा आकाश तथा सुमार्ग कार्यक्रम**

यस कार्यक्रममा १९ वर्ष देखी ३५ वर्ष सम्मका युवाहरुलाई समेटीएको छ । युवाहरुलाई परिवार, समाज र देशप्रति उत्तरदायी वनाई समाजमा गुमीरहेको सामाजिक पुँजी को जगेर्ना गर्ने तथा स्वदेशमै आयका अवसरहरु सिर्जना गराई विदेशिने क्रम न्युन गर्नका लागि सिवाईसीले २ वर्षे अभियान सञ्चालन गरेको छ यस कार्यक्रमवाट भएका उपलव्धीहरु निम्नानुसार रहेको छ :-

- जिल्ला स्तरमा युवाहरुको विकासका लागि युवा विकास संजाल गठन भएको छ।
- तित्याङ गाविसका सवै वडामा वडा स्तरीय युवा विकास संजाल र गाविस स्तरमा गाविस स्तरीय युवा विकास संजाल गठन गरिएको छ।
- वडा संजालको माध्यमवाट आ-आफ्नो वडामा रहेका जेष्ठ नागरिकहरुको सुचि तयार पारी सम्मान गरिएको छ
- खेलकुद कला संस्कृतीको संरक्षण, नैतीक मुल्य मान्यताको जर्गेणा जस्ता कार्यहरुमा युवाहरु स्वतर्स्फुत परिचालीत रहेका छन् ।
- युवाहरुको नेतृत्व विकास र सकारात्मक सोचका लागि यो संजाल मार्फत क्रियाशिलताको साथ कायक्रहरु संचालन गरिएको छ।
- वर्तमान अवस्थामा युवाहरुमा आएको विकृति र विसंगितीलाई न्युनिकरणका लागि जनचेतनामुलक अभियानहरु संचालन।
- तित्याङ गाविस वडा नं ६ मा खेलकुद विकास र संरक्षणका लागि रु ५००० उपलव्ध गराईएको छ।
- तित्याङ गाविस वडा नं ७ मा खेलकुद सामाग्री व्यवस्थापनका लागि रु ९५०० सहयोग गरिएको छ।
- तित्याङ गाविसको वडा नं ४ को विग स्टोन युवा क्लवको खेलकुद विकास र प्रवद्धनका लागि रु ५००० सहयोग गरिएको छ।
- रुद्रैपिपल युवा क्लवलाई खेलकुद संरक्षण तथा प्रवर्दनका लागि रु ३००० सहयोग गरिएको छ।
- वोवाङ गाविस वडा नं. ९ ढोरपाटन उत्तरगंगा जनै पुर्णिमा मेला समितिलाई खेलकुद तथा दोहोरी गित प्रतियोगिताका लागि रु ५००० आर्थिक सहयोग गरिएको।
- युवा विकास सञ्जाल तित्याङ बागलुङलाई व्याडमिन्टन कोर्ड निर्माणका लागि रु २००० आर्थिक सहयोग।
- प्रगतीशिल युवा क्लव तंग्राम वागलुङको शुभ दिपावलीको अवसरमा मनोरञ्जान्तमक कार्यक्रमका लागि रु ५०००
- वेष्ट्रन क्रिकेट क्वल वागलुङका लागि क्रिकेट श्रृङ्खला प्रतियोगिताका लागि रु २५००

- घर्तिथर सामुदायीक विकास समुह सिगाना वागलुङका लागि रु ५००० आर्थिक सहयोग भलिवल प्रतियोगिताका लागि ।
- नेपाल विद्यार्थि संघ जिल्ला समिति वागलुङका लागि सभासन स्व हरि खड्का स्मृति कप क्रिकेटको लागि रु ५००० सहयोग ।
- युवा विकास संजाल तित्याङका लागि सास्कृतीक कार्यक्रम गर्नका लागि रु २२०० सहयोग गरिएको थियो् ।

## ७. दलित सशक्तीकरण कार्यक्रम

- समाजमा विद्यमान जातीय विभेद छुवाछुत तथा वालीघरे प्रर्था उन्मुलनका लागि विभिन्न कार्यक्रम तथा अभियानहरु सञ्चालन गरिएको छ ।
- लघुवित्त कार्यक्रम मार्फत प्रत्यक्ष रुपमा ९०२९ जना दलितहरुलाई आय आर्जनका लागि वातवरण सिर्जना गरिएको ।
- संस्थाको सदस्यतामा दलीतको सहभागिता वृद्धि गराउने अभिप्रायले सदस्यता शुल्कमा २५ प्रतिशत छुट दिने नीति अवलम्वन गरिएको छ ।
- संस्थाले काम गर्ने वागलुङ जिल्लाका ८ वटा शाखा कार्यालय अन्तर्गत वागलुङ जिल्लाको तित्याङ, सिगाना, भकुण्डे, रेश, विहुँ, पाला, भिमापोखरा र वागलुङ नगरपालीका भित्र प्रत्यक्ष रुपमा कार्यक्रमहरु गरिरहेको छ भने अन्य गाविसहरुमा अप्रत्यक्ष रुपमा कार्यक्रम सञ्चालन भईरहेका छन् ।

## ८. समयदान तथा समय व्यवस्थापन कार्यक्रम

समयको सहि सदुपयोग र व्यवस्थापन हुन नसकेको कारण गरिवी वढेको हो तथा काममा सुस्तता आएको हो भन्ने मान्यताले सिवाईसी ले समयदान र समय व्यवस्थापन निर्देशिका तयार पारी लागु गरेको छ । यो निर्देशिका लागु भएपछाडि स्थानीय समुह केन्द्र र सञ्जालहरुमा स्वंय सेवाको भावना विकास भै करिव ७ लाख वरावरको श्रमदान परिचालन भएको छ । समयदानवाट भएको मुख्य कार्यहरु निम्नानुसार रहेका छन् :

- लघुवित्त केन्द्र र समुहको माध्यमवाट विद्यालय भवन निर्माणमा सहयोग, मर्मत, सामुदायीक भवन निर्माण, चौतारी निर्माण मर्मत, वाटोघाटो निर्माण मर्मत जस्ता कार्यहरु स्वंयसेवी रुपमा सञ्चालीत रहेका छन् ।
- सिवाईसी नेपालका कार्यक्रमहरु जहिले पनि समयमै शुरु हुने गरेका छन् भने आम समुदायमा सिवाईसीका कार्यक्रमहरु समयमै सञ्चालीत हुन्छन् भन्ने छाप परेको छ ।
- कुलेसो पोखरी निर्माण
- वर, पिपल, वेल, स्वामीका विरुवा रोपण
- माटो पोखरी निर्माण र भै रहेका पोखरीहरुको संरक्षण
- सामुदायीक भवनहरुको निर्माणमा श्रम सहयोग,वाटो घाटो मर्मत निर्माण

## ८. गुणस्तरीय शिक्षा र शैक्षिक विकास कार्यक्रम

- श्री नवयुवक नि.मा.वि विहुँ ७ मा शैक्षीक गुणस्तर वृद्धिका लागि रु १०००० सहयोग गरिएको छ ।
- रायडाँडा गाविस वडा नं २ जनता निमाविको ५० औ वार्षिकोत्सवका अवसरमा हाजीर जवाफ प्रतियोगिता तथा लोक नृत्य प्रतियोगिताका लागि रु ३००० सहयोग गरिएको छ ।
- शिवालय प्रा.वि. तित्याङ ९ वागलुङलाई विद्यालयमा वार्षिक शैक्षीक कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि रु ५००० सहयोग गरिएको छ ।
- नेपाल रेडक्रस सोसाईटी सिगाना उपशाखा बागलुङका लागि बुलेटीन प्रकाशन गर्न रु १०००० सहयोग ।

**९. पर्यटकीय तथा नमुना गाउँ विकास कार्यक्रम**

- वागलुङ कालिका भगवत्ती मन्दिर परिसरमा ढुङ्गा विच्छ्याउने, साउण्ड सिष्टम तथा चैत्राअष्टमी मेला सञ्चालनका कार्यका लागि रु १४५००० सहयोग गरिएको छ।
- विश्व शान्ति धान्यञ्चल धौलागीरी विराट महायज्ञमा धार्मिक पर्यटन महोतसवका लागि रु २५५५५ सहयोग गरिएको छ।
- गल्कोट संस्कृति संरक्षण तथा समाज विकास मञ्चका लागि रु ७५०० सहयोग गरिएको छ।
- तित्याङ गाविसको सालवोट थापाथर गामा गोरेटो वाटो निर्माणका लागि रु ५०००० सहयोग गरिएको छ।
- तित्याङ गाविसको भुजाकाटे देखी माभ्रुमेला जोड्ने मोटरवाटोका लागि रु ३२५०० सहयोग गरिएको छ।
- तित्याङ गाविसको वडा नं. ५ मा कोत पुजाका लागि रु ५००० सहयोग गरिएको छ।
- तिज गित कार्यक्रम सञ्चालन गर्नका लागि वुर्तिवाङ गाविसमा रु ३००० सहयोग गरिएको छ।
- अन्तराष्ट्रिय कृष्ण भावना मृत संघ बागलुङका लागि रु १००० आर्थिक सहयोग प्रदान।

**१०. व्यवसायिक तथा सिप विकास तालिम**

- सिवाईसी लघुवित्त कार्यक्रम अन्तर्गतका सदस्यहरुका लागि शाखा कार्यालयहरु मार्फत वुटिक हाते कढाई तालिम सञ्चालन गरिएको छ।
- व्यवसायिक सिप विकास तालिम केन्द्र कुश्मा पर्वतसंगको सहकार्यमा ६ महिने सिलाई कटाई तालिम सम्पन्न गरिएको छ।

**११. सहकारी संस्थाको स्थापना र सामाजिक सुरक्षा कार्यक्रम**

सिवाईसीमा आवद्ध सदस्यहरुको सहज उपचार, सामाजिक सुरक्षा र वेरोजगार शैक्षिक मानवशक्तिलाई रोजगारी सिर्जनाका लागी सहकारी संस्था, सञ्चार सहकारी संस्था, नर्सिङ कलेज, अस्पताल, ऐम्वुलेन्स सेवा सञ्चालन जस्ता कार्यहरु सञ्चालनका लागि सहकार्य तथा सम्भाव्यता अध्ययन गरिने छ।

१२. नेपाल सरकारले सञ्चालन गरेको अभियानहरुमा संस्थाको तर्फबाट सकृयतापूर्वक सहभागी भई आर्थिक र नैतिक समर्थन र सहकार्यको वातावरण सृजना गरिएको छ।

१३. संस्थाका कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम तथा गोष्ठिहरुको आयोजना गरी ३० जना नयाँ कर्मचारीको क्षमता अभिवृद्धि गरिएको छ।

**१४. साभ्रेदारीमा संचालित कार्यक्रमहरुः-**

- जिल्ला कृषि विकास कार्यालय र भू-संरक्षण कार्यालय बागलुङसंगको सहकार्यमा डाले तथा भुईघाँसको विउ तथा विरुवा प्राप्त गरी पशुपालक कृषकहरुलाई वितरण गरिएको छ।
- जिल्ला कृषि विकास कार्यालयसंग तरकारी खेती, साना सिंचाई, किसान किसान कृषि प्रसार कार्यक्रम, फलफुल खेतीका विरुवा खरीद तथा वितरण कार्यमा समन्वय र सहकार्य गरिएको छ।
- स्थानीय स्तरमै पूँजीको विकास गरी कृषि पशुपालन र वनमा आधारित लघुउद्यमहरुको विकास गर्ने हेतुले सिवाईसी वचत तथा ऋण सहकारी संस्था लि. बागलुङसंगको सहकार्यमा व्यवसायिक पशुपालन तथा तरकारी खेतीका लागि सहुलियत व्याजदरमा कर्जा प्रवाह गर्दै आईएको छ।
- जिल्ला शिक्षा कार्यालयसंगको समन्वय र सहकार्यमा तित्याङ र मल्म गाविसलाई पूर्ण साक्षर गाविस वनाइएको छ।

**अध्यक्ष महोदय, उपस्थीत सभासदज्यूहरु, यसरी सिवाईसी नेपालले समाजपयोगी र जिवनपयोगी कामवाट आफुलाई संस्थागत गरीरहेको पृष्ठभुमिमा यस संस्थावाट आ.व ०७१/०७२ मा संचालित गरिने प्रस्तावित निति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

## आर्थिक वर्ष ०७२/०७३ मा संचालनका लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु :-

**अध्यक्ष महोदय, उपस्थित सभासदज्यूहरु,**

हामी यो प्रस्तावित कार्यक्रम निर्माण गर्ने क्रममा नेपाली गैर सरकारी संघ संस्थाहरुलाई लाग्ने गरेको परनिर्भरताको आरोपको समूल नष्ट गर्न र संङक्रमणकालीन अवस्थामा नागरिकका हक अधिकार र गैरसरकारी संस्थाको भूमिकामा समेत हुन सक्ने समय सान्दर्भिक परिवर्तनलाई मध्यनजर राखेर प्रस्तावित कार्यक्रम तयार पारेका छौ। संस्थाको ०७०/०६/०५ मा सम्पन्न वाईसौं वार्षिक साधारण सभाले निर्देस गरे वमोजिम हामीले लघुवित्त कार्यक्रमलाई संस्थाको मूलधारको रुपमा आंगिकार गर्दै यस अवधिमा संस्था विकासको अर्को चरण “घ” वर्गको राष्ट्रिय स्तरको लघुवित्त वैंकमा रुपान्तरण हुने क्रममा छ। हाम्रा अन्य सबै कार्यक्रमहरुको अवयव र प्रवेश मार्ग लघुवित्त रहँदै आएकोमा संस्थाले अव फरक ढंगले सञ्चालीत हनुपर्ने वाध्यता र चुनैती हाम्रो सामु छ। समाजमा ह्रास हुँदै गईरहेको सामाजिक पुँजि **SOCIAL CAPITAL** को जगेर्ना तथा नैतिक मूल्य र मानवीय व्यवहारको सन्देश प्रवाहको लागि चारतारे युवा क्लव ऋथ्क्ष ले आफूलाई अझ बढी क्रियाशील बनाउने छ। लोकतान्त्रिक मूल्य मान्यता विधि र व्यवहारबाट संचालित यस संस्थाले यि आचरणहरुको सबै तह र तप्कामा समेत संस्थागत गर्न योगदान पुऱ्याउने छ। मानवीय जीवनका सम्पूर्ण कुराहरुलाई समेट्दै देशको गरिवीसंग जुध्ने कठिन मौकालाई ऋथ्क्ष ले अवसरको रुपमा लिएको छ। यस अवधिमा राम्रा काम फैलाउने नराम्रा काम औलाउने नीति अवलम्वन गरिने छ। समय व्यवस्थापन तथा समयदान, सहकारी र सहकार्य सामाजिक परिचालन, दिगो कृषि, संस्थागत र आत्मनिर्भर विकास, महिला सशक्तीकरण, युवा र वाल केन्द्रित विकास यस संस्थाका आदर्श हुने छन्। यिनै आदर्शलाई कायम राख्दै संस्थाद्वारा निम्न कार्यक्रम संचालन का लागि प्रस्ताव गरिएको छ :

**१.लघुवित्त कार्यक्रमः-**

**आर्थिक वर्ष ०७२/०७३ मा संस्थावाट तपसिलको तालिका वमोजिमका कार्यहरु प्रस्ताव गरीएको छ।**

| | | मुख्य कार्यालय | | |
|---|---|---|---|---|
| क्र.स | विवरण | गत आ.व. | यस | जम्मा |
| १ | सदस्य संख्या | ३१७७४ | ७६०५ | ३९३७९ |
| २ | समूह संख्या | ६६९६ | १३४१ | ८०३७ |
| ३ | केन्द्र संख्या | १२१६ | ३५० | १५६६ |
| ४ | जिल्ला संख्या | ६ | ० | ६ |
| ५ | न.पा. संख्या | ५ | १ | ६ |
| ६ | गाविस संख्या | १४५ | २५ | १७० |
| ७ | कर्मचारी संख्या | ८० | २६ | १०६ |
| ८ | बचत संकलन तथा परिचालन | २४३४३४८५५ | १३८४२५०१३ | ३८०९५८२६८ |
| ९ | कोष परिचलन | २३७८३४०० | १५४९८३५४ | १५४९८३५४ |
| १० | ऋणी संख्या | १७९२८ | ६८९१ | २४८१९ |
| ११ | ऋण परिचालन | ३०११०८२७९८ | १८६०५००००० | ४८७१५८२७९८ |

| | | | | |
|---|---|---|---|---|
| १२ | ऋण असूली | २४५४२८६८०३ | १२१४८८४२११ | ३६६९१७१०१४ |
| १३ | लगानीमा बाँकी ऋण | ५५६७९५९९५ | ६४५६१५७८९ | १२०२४११७८४ |
| १४ | व्याज असूली | ८५७२१८१६ | १५१०८७८६ | १५१०८७८६ |
| १५ | ऋणबाट सेवा शूल्क | २०५४६०३५ | | |
| १६ | समूह प्रवेश पुर्व तालिम | १२१६ | | |
| २० | शाखा स्तरिय संजाल वैठक | ० | | |
| २१ | पूनर्ताजगी तालिम संचालन | ० | | |
| २२ | ऋण माग वैक/वित्तिय संस्था | १५५८९७५५९ | | |

- लघुवित्त कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन र लक्ष्य उन्मुख गराउनका लागि आ.व ०६९/०७० लाई आधार वर्ष मानि तयार गरिएको ५ वर्षे व्यवसायिक योजनालाई समायानुकुल परिमार्जन गरी कार्यान्वयनमा ल्याईने छ। भने जोखिम न्यूनीकरणका लागि आवश्यक नीति अवलम्वन गरिने छ।
- सबै शाखामा सफ्टवेयरको व्यवस्था मिलाई लघुवित्त कार्यक्रमहरुलाई कम्प्युटराईज गरी कार्य प्रकृया चुस्त दुरुस्त र छिटो छरितो रुपमा सम्पादन गरिने छ।
- स्थानीय स्तरमा लघुवित्त कार्यक्रमलाई प्रभावकारी वनाउन प्रत्येक गाविस र शाखाबाट लघुवित्त प्रवक्ताको छनौट गरी उनीहरुको क्षमता विकास गरि परिचालन गरिने छ।
- १६ वटा लघुवित्त सम्मेलन गरी एक अर्काका अनुभवहरुलाई आदान प्रदान गरिने छ।
- लघुवित्त विकास बैंकमा जानका लागि आवश्यक नीति अवलम्वन गरिने छ।
- गाविस शाखा र मुख्य कार्यालय स्तरीय संजाल गठन गरी सो संजाललाई विकास निर्माणका अन्य क्षेत्रहरुमा परिचालन गरिने छ।
- गाविसका सवै वडामा कार्यक्रम पुगेको गाविसहरुमा १/१ वटा लघुवित्त सचेतना केन्द्रको स्थापना गरी विकासको नमुनाहरुको स्थापना र नागरिकहरुको सशक्तीकरणको अभियान संचालन गरिने छ।
- प्रत्येक शाखावाट १/१ वटा गाविस छनौट गरी नमुना गाविसको निर्माण गर्ने।

२. **दीगो विकेन्द्रित एवं सहभागितात्मक कृषि विकास कार्यक्रम :**

- रेश र पैयुँ गा.वि.समा कृषि विकास समिति गठन गरी क्षमता अभिवृद्धिका लागि सम्बन्धित गा.वि.स हरुसंग समन्वय र सहकार्य गरिने छ। भने विहुँ, तित्याङ, सीगाना, रेश गाविसमा रहेका सक्रिय सदस्यहरुलाई समावेस गरी कृषि विकास तथा पशुपालन सहकारी स्थापना गी कृषि प्रविधि प्रवर्द्धनमा सहयोग पुऱ्याईने छ।
- तित्याङ गा.वि.स को वडा नं १,४ र ६ लाई नमूना वडाको रुपमा विकास गर्न गा.वि.स संग समन्वय सहकार्य गरिने छ। यो कार्यमा जिल्ला भू-संरक्षण कार्यालय, सिवाइसी वचत तथा ऋण सहकारी संस्था लि.बागलुङ, लगाएतका अन्य सरकारी र गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गरिने छ। लघुवित्त कार्यक्रम संचालन भएका गाविसहरुमा लघुवित्त संजालको सिफारिसमा १३ वटा गाविसमा दिगो कृषि विकासका कार्यक्रम संचालन गरिने छ।
- तित्याङ, वा.न.पा, हटिया, कुश्मिसेरा दगा र बुर्तिबाङ गा.वि.स मा लगायत व्यवसायिक कृषकहरुको माग भएको क्षेत्रमा कृषि तथा पशुपंछी विकास लगायतका व्यावसायिक फार्म स्थापनाका लागि ऋथ्ऋ को लघुवित्त कार्यक्रम, सिवाईसी वचत तथा ऋण सहकारी संस्था लि.बागलुङसंग समन्वय र सहकार्य गरिने छ।
- बागलुङ जिल्लामा थप २० वटा प्लाष्टिक घरहरु निर्माणका लागि सम्वन्धित गा.वि.स का कृषि विकास समितिहरु मार्फत पलाष्टिकमा ५० प्रतिशत अनुदान दिने नीति अवलम्वन गरिने छ।
- जैदी, तित्याङ र भकुण्डे गा.वि.स लाई गोलभेडा खेतीको पकेट क्षेत्र तथा स्रोत केन्द्रको रुपमा विकास गर्न त्यस क्षेत्रका कृषक र गा.वि.ससंग समन्वय र सहकार्य गरी आगमी आ.व.मा कार्य गर्ने गरी तयारी गरिने छ।
- दिगो कृषि प्रविधि प्रवर्धनका लागि अनुभवी अगुवा कृषकहरुलाई परिचालन तथा क्षमता अभिवृद्धिको नीति अवलम्वन गरिने छ।

- सिवाईसी विउ भण्डार बागलुङको माध्यमबाट कृषकहरुलाई प्राविधिक सेवा र उच्च गुणस्तरको विउ विजन र कृषि सामाग्री व्यवस्थापनका लागि पहल गरिने छ।
- अर्गानिक खेती प्रणालीलाई बढावा दिन आवश्यक नीति अवलम्वन गरिने छ।कृषि विकासका लागि जिल्ला विकास समिति जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, भू-संरक्षण कार्यालय, जिल्ला वन कार्यालय, सहकारी डिभिजन कार्यालय लगायतका सरकारी गैर सरकारी र सहकारी निकायहरुसंग समन्वय र सहकार्य गरिने छ।

**३. महिला संजालको क्षमता अभिवृद्धि कार्यक्रम :**

यो कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि महिला विकास कार्यालय र सम्वन्धित गा.वि.स तथा संजालसंग समन्वय गरी निम्नानुसार कार्य गरिने छ।

- जिल्लाका ६ वटा गा.वि.स./न.पा.का गा.वि.स स्तरीय महिला समन्वय समिति तथा संजालको क्षमता अभिवृद्धि गरिने छ। महिला हिसां विरुद्धको अभियानहरु संचालन गरिने छ।
- समान कामका लागि समान दामको अवधारणा अगाडि बढाइ महिला पुरुषमा ज्यालामा देखिएको असमानता हटाउनका लागि विविध कार्यक्रमहरु संचालन गरिने छ।

**४. स्वास्थ्य अधिकार तथा सुर्तीजन्य वस्तु नियन्त्रण कार्यक्रम**

- यो कार्यक्रम अन्तर्गत यस आ.वमा  निम्नानुसारका क्रियकलाप संचालन गरिने छ।
- जिल्ला स्तरीय सरोकारवालाहरुको अन्तरक्रिया गोष्ठि।
- ज्ञापनपत्र पेश।
- सुर्ती नियन्त्रण तथा नियमन ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन अन्तरक्रिया कार्यक्रम।
- सुर्तीजन्य वस्तु नियन्त्रणका लागि युवाहरुको भूमिका सम्बन्धी अन्तरक्रिया गोष्ठि
- नियमित रुपमा संजालको बैठक संचालन।
- सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन कार्यान्वयनका लागि दवाव सृजना।
- धुम्रपान रहित दिवसमा विविध कार्यक्रमको संचालन गरिने छ।

**५. स्वास्थ्य तथा सरसफाई कार्यक्रम**

- खुला दिशा मुक्त गा.वि.स घोषण भै सकेका गाविसहरुमा सरसफाईको अवस्था सुधारका लागि युवा तथा महिला संजाल परिचालन गरिने छ भने शुद्ध पिउने पानी र सरसफाई सम्बन्धि राष्ट्रिय दिवस तथा अभियानहरुमा सहयोग र सहभागिता जनाईने छ।
- छुट्टी भिन्न भै बसेका परिवार र शौचालय नभएका परिवारहरुले चर्पी वनाउन चाहेमा ५० वटा सम्मका लागि प्यान र पाईप निशुल्क उपलव्ध गराईने छ।

**६. पोषण पुनर्स्थापना केन्द्र स्थापना :**

पोषण पुनर्स्थापना केन्द्रको अभावमा पोखरा जानुपर्ने वाध्यतालाई समाधान गरी धौलागिरी अञ्चल अस्पताल बागलुङमा संस्थाको पहलमा निर्मित पोषण पुनर्स्थापना केन्द्रवाट धौलागिरी अञ्चल अस्पतालसंगको सहकार्यमा सेवा संचालन गरिने छ। १०० जना कुपोषित वालवालिकालाई सेवा दिईने छ भने ५०० जनालाई पोषण सम्वन्धी जानकारीउपलव्ध गराइनेछ।

**७. युवा आकाश तथा सुमार्ग कार्यक्रम**

ह्रास हुँदै गएको सामाजिक मूल्य र मान्यताहरुको पुनः प्राप्तिका लागि जि.वि.स युवा तथा खेलकुद मन्त्रालयसँग र अन्य सम्वद्ध निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरी युवाहरुका लागि युवा आकाश तथा सुमार्ग कार्यक्रम संचालन गरिने छ। यो कार्यक्रमलाई गाविसहरुसंगको समन्वय र सहकार्यमा यस वर्ष ३ वटा गाविसमा विस्तार गरिने छ।

**८. दलित सशक्तीकरण कार्यक्रम**

**यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु संचालन गरिने छ :**

- दलित जनजाति र पछाडि पारिएका वर्गहरुको सशक्तीकरणका लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी निम्न कार्यक्रमहरु संचालन गरिने छ।
- संस्थाको सदस्यमा दलितको सहभागिता वृद्धि गराउने अभिप्रायले सदस्यता शुल्कमा २५ प्रतिशत छुट दिनलाई यस वर्ष पनि निरन्तरता दिईने छ।
- समाजमा विद्यमान जातीय विभेद छुवाछुत तथा बालिघरे प्रथा उन्मूलनका लागि वर्षभरि नै अभियानहरु संचालन गरिने छ।
- दलित समुदायका ५ जना बालबालिका र अन्य समुदायका बालबालिकाहरु बीच मितेरी साइनो स्थापना गराइ जात जातिमा देखिएको विभेद अन्त्यको शुरुवात गरिने छ।

**९. कम लागत र वातवरण मैत्री घर निर्माण**

संस्थाद्वारा संचालित लघुवित्त कार्यक्रममा संलग्न सदस्यहरुलाई केन्द्रित गरी ह्याविट्याट फर ह्यूमिनिटी नेपालसंगको सहकार्यमा ४ वर्ष अवधिमा १० हजारवटा कम लागत र वातवरण मैत्री घर निर्माण र मर्मत गरिने छ

**१०. समयदान तथा समय व्यवस्थापन कार्यक्रम :**

- हाम्रा पूर्वजहरुले थालनी गरेको स्वयंसेवाको कुराहरुलाई निरन्तरता दिने अभिप्रायले यस आ.व मा ८०० वटा विभिन्न समूह, केन्द्र, क्षेत्रका व्यक्तिहरुबाट समयदान गरिने छ। यो दानको समयबाट चौतारी, पोखरी, वृक्षारोपण, बाटोघाटो मर्मत निर्माण, विद्यालय सामुदायिक भवन, केन्द्रघर जस्ता कार्यहरुमा करिव १२ लाख बराबरको श्रमदान परिचालन गरिने छ।
- समयमै कार्यक्रम संचालन, समय व्यवस्थापनका लागि जिल्लास्तरको सरोकारवालाहरुसंगको अन्तरकृया तथा दवावमूलक कार्यक्रम संचालन गरिने छ। भने त्यस्तो कार्यमा जोसको सहभागिता छ

**११. शिक्षा तथा पुरस्कार**

कार्यक्षेत्रका २ वटा सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ ।

**१२. शेयर लगानी**

संस्थालाई “घ” वर्गको राष्ट्रिय स्तरको लघुवित्त बैंकमा रुपान्तरण गर्ने क्रममा लाग्ने नियमानुसारको रकम आय आर्जन र कार्यक्रमको जोखीम न्यूनिकरणमा सञ्चालन गरीने, जिवन विमा र निर्जीवन विमा, स्वास्थ्य विमा, जलविद्युत परियोजना, कृषि फार्म स्थापना, सहकारी संस्थामा लगानी, संचार, अस्पताल, नर्सिङ कलेज जस्ता क्षेत्रमा लगानीका अवसरहरु खोजी लगानीको वातावरण मिलाईने छ।

**१३. व्यवसायिक तथा सिप विकास तालिम**

मेडेप, व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय बागलुङसँगको सहकार्यमा २० जना युवाहरुका लागि सीपमूलक तालिम सञ्चालनको व्यवस्था मिलाइने छ।

दश जना महिला पुरुषहरुलाई स्थानीय स्तरमा आय तथा स्वरोजगारी सिर्जनाका लागि १ महिनाको लागि तालिम संचालन गरी व्यवसाय संचालन गरिने छ।

१४. संस्थाको नाममा खडा गरिएको जग्गा खरीद तथा भवन निर्माण कोषको प्रभावकारिता वृद्धि गरिनुका साथै संस्थाको भवन निर्माणका लागि जग्गामा यस आ.व मा ल.ई र डिजाईन गर्ने कार्य सम्पन्न गरिने छ।

१५. संस्थाको ५ वर्षे रणनैतिक योजना तयार पारी कार्यान्वयनमा ल्याइने छ।

१६. जिल्ला कृषि विकास कार्यालय बागलुङ र जिल्ला पशुसेवा कार्यालय बागलुङ लगायतका अन्य सहकारी कार्यालयहरुले संचालन गर्ने कार्यक्रममा साझेदारीका लागि विगतको व्यवस्थालाई निरन्तरता दिईने छ।

१७. तित्याङ गा.वि.स.लाई बालमैत्री गा.वि.स को रुपमा विकास गराउन महिला तथा बालबालिका कार्यालय र जिल्ला बालकल्याण समितिसँग समन्वय सहकार्य गर्नुका साथै बाल क्लव सञ्जाल तित्याङसंगको सहकार्यमा वडा नं १ देखि ९ सम्म बाल क्लव गठन र परिचालनको नीति अवलम्वन गरिने छ।

१८. प्रजनन् स्वास्थ्य अधिकारका लागि च्ञ्ऋत्ऋ, जनस्वास्थ्य कार्यालय महिलासंग सम्वन्धित संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी संचालन गरीने छ।

१९. संस्थामा कार्यरत संचालक र कर्मचारीहरुको क्षमता विकासका लागि तालिम गोष्ठि तथा सघन अध्ययन भ्रमणको व्यवस्था मिलाइने छ।

२०. स-साना तथा भैपरी आउने कार्यक्रमहरु संचालनको लागि संस्था प्रमुख मार्फत संचालन हुने गरी साना अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ।

२१. वर्षभरिमा उल्लेखनीय कार्य सम्पादन गर्ने समूह, केन्द्र, शाखा ,कर्मचारीहरु तथा शुभचिन्तकहरुलाई प्रशंसा तथा पुरस्कारको व्यवस्था मिलाईने छ।

२२. जेष्ठ नागरिक तथा फरक क्षमता भएकाहरुको गा.वि.स स्तरमा संजाल गठनका लागि तित्याङ गा.वि.स संग आवश्यक समन्वय र सहकार्य गरिने छ।

२३. संस्थाद्वारा गत विगतमा संचालित कार्यक्रमहरुलाई यस वर्षपनि निरन्तर संचालनको नीति अवलम्वन गरिने छ।

२४. तित्याङ गाविसलाई सहकारी र पर्यटकीय गाविसको रुपमा विकास गरी नमुना गाविसको रुपमा विकास गर्नका लागि आवश्यक पूर्वाधारको विकास र अध्ययनका लागि सहयोग उपलव्ध गराईने छ।

२५. वागलुङ वजारदेखी तित्याङ गाविस जोडने झेलुङ्गे पुलको संरक्षण आशापूर्णेश्वर महादेव मन्दिरको ग्राउण्ड विस्तारका लागि सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी धार्मिक पर्यटनका लागि उचित वातावरण सिर्जना गरिने छ।

२६. स्थानीय संघ संस्थाहरुको क्षमता अभिवृद्धिका लागि युवा आदान प्रदान तथा क्षमता विकास कार्यक्रम संचालनमा ल्याईने छ।

**अध्यक्ष महोदय,**

अन्त्यमा यो कार्यकाल सफलता पूर्वक सम्पन्न गर्नका लागि यस संस्थालाई विभिन्न क्षेत्रमा रही सहयोग पुऱ्याउने सरकारी, सहकारी तथा गैर सरकारी संघ संस्थाहरु, संस्थापकज्यूहरु, संरक्षकज्यू, आदरणीय सल्लाहकारज्यूहरु, सभासदज्यूहरु तथा अन्य सहयोगी शुभेच्छुक साझेदार संघ संस्थाहरुमा  हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दछु साथै आगामी दिनहरुमा पनि नयाँ निर्वाचित कार्यसमितिलाई यस संस्थाको उन्नति प्रगतिमा रचनात्मक सहयोग र सद्भाव प्राप्त भै रहने अपेक्षा राख्दै यो प्रतिवेदन छलफल र स्वीकृतिकोलागि पेश गर्दै विदा चाहन्छु।

मितिः-०७२/०९/२५
धन्यवाद। जय सिवाईसी

(बीरबहादुर किसान)
सचिव

# आर्थिक प्रगति प्रतिवेदन र प्रस्तावित आय व्यय विवरण

**चारतारे युवा क्लव सिवाईसी नेपालको चौविसौं वार्षिक साधारण सभामा संस्थाका कोषाध्यक्ष श्री विमला गुरुङ ज्यूद्वारा प्रस्तुत आ.व. ०७१/०७२ को आर्थिक प्रगति प्रतिवेदन, आ.व. ०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन र आ.व. ०७२/०७३ को प्रस्तावित आय व्यय विवरण :**

**अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, संरक्षकज्यू, विशिष्ठ अतिथिज्यूहरु, पत्रकारज्यूहरु, सल्लाहाकारज्यूहरु, आदरणीय विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, सभासदज्यूहरु र उपस्थित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरु,**

यस संस्थाको २४ औं वार्षिक साधारण सभामा संस्थाको कोषाध्यक्षको हैसियतबाट आ.व ०७१/०७२ को आर्थिक प्रगति प्रतिवेदन, आ.व. ०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन र आ.व. ०७२/०७३ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु । सर्वप्रथम म आ.व. ०७१/०७२ को अनुमानित, वास्ताविक र ०७२/०७३ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## आम्दानी तर्फ

| क्र.सं | आय विवरण | अनुमानित रकम | वास्तविक रकम | प्रस्तावित रकम ०७२/०७३ |
|---|---|---|---|---|
| १ | ऋणवाट व्याज आम्दानी | ८0000000 | ८५७२१८१६ | १५१०८७७८६ |
| २ | अन्तर शाखा ऋणमा व्याज आम्दानी | 0 | 0 | ४३७८३८५९ |
| ३ | सदस्यता शुल्क | ३00000 | ४५७५०४ | २00000 |
| ४ | सचिवालय सेवा | ५0000 | 0 | ४0000 |
| ५ | सेवाकालिन तालिम शुल्क | २00000 | २२८५00 | २00000 |
| ६ | सेवा शुल्क आम्दानी | २०४०४००० | २०५४६०३५ | ३५६३६००० |
| ७ | सदस्य प्रवेश शुल्क | १०८६५० | १२९३७५ | १९०१२५ |
| ८ | पासवुक आम्दानी | ७0000 | ९१८८५ | १६०२७५ |
| ९ | पेन्सन कार्ड आम्दानी | २५६४० | १०९०० | ८३३०० |
| १० | बैक व्याज आम्दानी | २५00000 | ५२६७६७८ | २८६९५00 |
| ११ | अन्य आम्दानी/ आवेदन फारम | 0 | 0 | १३९६00 |
| १२ | अनुदान आम्दानी आर एम डि.सी | ५0000 | 0 | २00000 |
| १३ | प्रथमिक स्वास्थ्य सेवा केन्द्रवाट प्राप्त | ३0000 | २२000 | २५000 |
| १४ | पोषण पुनस्थापन गृह कार्यक्रम संचालन | २५00000 | २७00000 | २000000 |
| १५ | अर्थपुर्ण जिवनका लागी आवास | २00000 | 0 | 0 |
| १६ | सद्भावकोष प्राप्त | ४५000 | 0 | 0 |
| १७ | सेयर लाभांश प्राप्त | ५५000 | ८०२८५ | १00000 |
| १८ | दरखाख्त फारम शुल्क प्राप्त | ५0000 | ६१२00 | ५0000 |
| १९ | विविध आम्दानी | ५0000 | ३२१२०२ | १५0000 |
| | **कुल आम्दानी** | **१०६६३८२९०** | **११५६३८३८०** | **२३६९१५४४५** |

## खर्च तर्फ

| क्र. सं. | व्यय विवरण | अनुमानित रकम | वास्तविक रकम | प्रस्तावित रकम ०७२/०७३ |
|---|---|---|---|---|
| १ | कर्मचारी तलव भत्ता खर्च | १७५२८८३० | १९७६७८३८ | २६८१०२८९ |
| २ | पोशाक | ० | ० | ७९५००० |
| ३ | कर्मचारी उपदान कोष खर्च | ५००००० | ५००००० | ५००००० |
| ४ | भविश्य सुधार कोष | ० | ० | ९६०००० |
| ५ | कर्मचारी विमा खर्च | ० | ० | ११०००० |
| ६ | कर्मचारी वोनस खर्च | १४००००० | १९९६५६२ | |
| ७ | घरभाडा | २०२९८९६ | १८३२९४९ | २६९३५९२ |
| ८ | दैनिक भ्रमण भत्ता | ७८३५५० | ३०८७४२ | १४५३६०० |
| ९ | मसलन्द (स्टेशनरी) | १५३११०० | ७७५०११ | ५३५२६० |
| १० | पत्रपत्रिका खर्च | ९४४०० | ३०४८० | ९०८०० |
| ११ | विद्युत पानी | १५९४०० | १०२२७३ | २४९८०० |
| १२ | विज्ञापन/शुभकामना | ८९००० | ४६४०० | १६४००० |
| १३ | संचार/ईमेल ईन्टरनेट | ३००००० | १८५५०६ | ५८०४०० |
| १४ | ह्रासकट्टी खर्च | ९९६००० | ९३३६०८ | १३०६००० |
| १५ | निमार्ण मर्मत/ढुवानी खर्च | १११२०० | ११३५०२ | २३६००० |
| १६ | विविध खर्च | १००००० | १६०९८५ | ७८००० |
| १७ | बैक कमिशन खर्च | २५००० | ५५१०३ | ९३५०० |
| १८ | मेस संचालन खर्च | २१११०० | १३८७५० | २९६४०० |
| १९ | कर खर्च सवारी साधन | २००००० | २६८२०९ | ५०००० |
| २० | ईन्धन खर्च | ४००००० | १७७६३२ | २५०००० |
| २१ | अन्य विमा खर्च | १३०००० | १९२६०९ | २००००० |
| २२ | साना अनुदान तथा साझेदारी सहयोग | २००००० | ५१६९४ | ३००००० |
| २३ | कार्यसमिति उप-समिति/कर्मचारी वैठक खर्च | ४३९९०० | ८१८५२८ | ४८६८०० |
| २४ | लेखापरिक्षण खर्च | ७०००० | ७०००० | ८०००० |
| २५ | सदस्यता तथा नविकरण खर्च | ३५००० | १५००० | ७००० |
| २६ | सेवा शुल्क खर्च | ५००००० | २७६०० | १५००००० |
| २७ | वचतमा व्याज खर्च | ० | ० | ३२९७५१०६ |
| २८ | ऋणमा व्याज खर्च | ४०२५०००० | ३२४८५५७३ | ५४५८३८५९ |
| २९ | खरावकर्जा व्यवस्थापन कोष | १७७७३४४० | ९२९७३४० | ३२२८०७८९ |
| ३० | जग्गा खरिद तथा भवन निर्माण, अक्षय, सदभाव कोष | ३७००००० | १८९६७०० | १५००००० |
| ३१ | पच्चिस वर्षे ग्रन्थ प्रकाशन | ० | ० | २८४००० |
| ३२ | ग्रामिण कन्दरा पकाशन | ० | ० | २५६६०० |
| ३३ | क्यालेन्डर छपाई | ० | ० | १२८३०० |
| ३४ | संस्थाको व्रोसर | ० | ० | ४१३७९ |
| ३५ | संस्थावाट उपलव्ध सेवा सुविधाहरुको फ्यलेयर, पर्चा | ० | ० | ६४१५० |
| ३६ | रेडियो कार्यक्रम | ० | ० | १३०००० |
| ३७ | समूह पूर्व प्र. तालिम संचालन खर्च | ० | ० | १०५००० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | पुनर्ताजगी तालिम संचालन खर्च | ० | ० | ५१४५०० |
| ३९ | गा.वि.स.स्तरिय संजाल वैठक खर्च | ५१०००० | ० | ३४९८०० |
| ४० | शाखा स्तरिय संजाल वैठक | ० | ० | १३०००० |
| ४१ | मुख्य कार्यालय स्तरिय संजाल | ० | ० | ११०६०१ |
| ४२ | पर्व, दिवस, अभियान/सम्मान | १२५००० | ४९३३८ | १५०००० |
| ४३ | कर्मचारी पूर्नरमिलन तथा अनुभव आदान प्रदान | ० | ० | ६२००२ |
| ४४ | नमुना गाविस निर्माण | २००००० | ० | १५५०००० |
| ४५ | पोषण पुनस्थापन गृह निर्माण तथा कार्यक्रम संचालन | २५००००० | ५८९८५८ | ० |
| ४६ | साधारण सभा तथा वार्षिक उत्सव | ६५०००० | ४४४०४० | २५००००० |
| ४७ | स्वास्थ्य अधिकार तथा सुर्तिजन्य वस्तु नियन्त्रण कार्यक्रम | ५०००० | २२५०० | ० |
| ४८ | युवा आकाश तथा सुमार्ग कार्यक्रम | १००००० | ६००० | ० |
| ४९ | वाल क्लव र संजाल विकास कार्यक्रम | ५०००० | ० | ० |
| ५० | दलित समुदाय विकास कार्यक्रम | ५०००० | ० | ० |
| ५१ | आर्थिक सहयोग चन्दा तथा पुरस्कार | १२५००० | ० | ० |
| ५२ | कर्मचारी नियुक्ति तथा अर्न्तकृया | १७५००० | ३८५९७ | ० |
| ५३ | जेष्ठ नागरीक सम्मान कार्यक्रम | १५०००० | ० | ० |
| ५४ | सहकारी गाविस निर्माणको लागी सहयोग | २००००० | ० | ० |
| ५५ | रणनैतिक योजना र घ वर्गको वित्तिय संस्था निमार्ण खर्च | ३५०००० | ० | ० |
| ५६ | अर्थपुर्ण जिवनका लागी आवास | २००००० | ० | ० |
| ५७ | समयदान र समय व्यवस्थापन कार्यक्रम | ३७५००० | ० | ० |
| ५८ | स्टेचर सहयोग | ० | ० | ४२०००० |
| ५९ | अभियान संचालन (आन्तरीक) | ० | ० | ० |
| ६० | सिप विकास तालिम | १०२२३०० | ३९९५९५ | ७५६००० |
| ६१ | दिगो कृषि कार्यक्रम | ६११००० | ५७५६१२ | ११६५४३७ |
| ६२ | लघवित्त सचेतना केन्द्र संचालन | ३७७००० | ० | ५५०००० |
| ६३ | लघुवित्त एम्वास्टर तालिम | १५५००० | ० | ४३७००० |
| ६४ | अध्ययन अवलोकन भ्रमण कार्यसमिति/कर्मचारी | १५००००० | ८४०८५५ | २५०५०० |
| ६५ | कर्मचारी तालिम | ० | ० | १६१५०० |
| ६६ | गाविस स्तरयि योजना तर्जुमा गोष्ठि | ० | ० | ४०४००० |
| ६७ | शाखा स्तरीय योजना/सामाजिक तथा क्ष वि.का | २५२००० | ५२५१७ | ३२९००० |
| ६८ | मुख्य कार्यालय स्तरीय योजना तर्जुमा गोष्ठि | ० | ० | ४०००० |
| ६९ | कोषमा हस्तान्त्रण | ३७८६२४२ | २५४१६२३९ | ४३४५५८५१ |
| ७० | वाँकी वचत | ३५६६९३२ | १४९५४६३५ | २१४०३६२९ |
| | **कूल जम्मा खर्च** | **१०६६३८२९०** | **११५६३८३८०** | **२३६९१५४४५** |

**अध्यक्ष महोदय आदरणीय सभासदज्यूहरु,**

यस संस्थाको आर्थिक वर्ष ०७१/०७२ मा आम्दानीतर्फ रु १०६६३८२९०।- प्रस्ताव गरिएकोमा यस वर्ष रु ११५६३८३८०।- आम्दानी भै प्रस्ताव गरिएकोमा १०८।४३ प्रतिशतले प्रगति भएको छ। खर्चतर्फ रु ९९२८५११६।- प्रस्ताव गरिएकोमा यस आ.व. मा ७५२६७५०६ खर्च भएको छ र ४,०३,७०,८७४ खुद वचत भएकाले सो वचत रकमलाई संस्थाको निति अनुसार २,५४,१६२३९।- रुपैयालाई कोषमा हस्तान्तरण गरी बाकी रकम रु

१,४९,५४,६३५।- लाई पूँजीकृत गरिएको छ। वर्तमानमा संस्थाले लघुवित्त कार्यक्रम दुरदरारसम्म पुऱ्याउँदा सञ्चालन खर्च बढेकाले अपेक्षाकृत नतिजा हाँसिल हुन नसके तापनि यस आ.व मा संस्था आत्मनिर्भर बनेको छ।

भविष्यमा हुनसक्ने जोखिम न्यून गर्नका लागि संस्थाद्वारा लगानीमा रहिरहेको ऋण रकमको ५ प्रतिशतले हुन आउने रकमलाई खराव कर्जा व्यवस्थापन कोषको रुपमा राखिएको छ । बढ्दै गईरहेको महङ्गीलाई मध्यनजर गरी कर्मचारीको सेवा सुविधामा वृद्धि गरिएको छ। संस्थाले वित्तीय क्षेत्रलाई प्रमुख क्षेत्र मानी कार्य सम्पादन गरिएको भए तापनि परिवर्तित सन्दर्भमा लघुवित्त कार्यक्रम ऋण र वचतमा मात्र केन्द्रित नगरी यस वर्ष सेवामुखी र आयमूलक कार्यक्रमहरुलाई बजेटमा प्राथमिकता दिइएको छ । संस्थाको दीगो र संस्थागत विकासका लागि निम्नानुसारका कोषहरुलाई विकास गर्दै लगिएको छ।

| क्र.स. | कोषको नाम | गत आ.व. | यस आ.व | जम्मा |
|---|---|---|---|---|
| १ | अक्षयकोष | ६७९५५७१ | ९३९११९९.९७ | १६१८६७७०.९७ |
| २ | संस्थागत विकास कोष | ८९१९३४३ | ६५४७८५५.२६ | १५४६७१९८.२६ |
| ३ | जग्गा खरीद तथा भवन निर्माण कोष | ११९९०९९१ | ८७९९५७०.०१ | २०७९०५६१.०१ |
| ४ | लघुवित्त विकास कोष | ६१७४००५ | ४०५१०१८ | १०२२५०२३ |
| | **जम्मा दायित्व रहित  कोष** | **३३८७९९१०** | **२८७८९६४३.२४** | **६२६६९५५३.२४** |
| ५ | सिवाईसी पेन्सन प्रोभिजन कोष | २८८७२१५३ | १६९०३०५४ | ४५७७५२०७ |
| ६ | कर्जा सुरक्षण कोष | १३५३९३०४ | ९५६५२४६ | २३१०४५५० |
| ७ | सदभाव कोष | ९७१५९५ | ७९१७५४ | १७६३३४९ |
| ८ | कर्मचारी उपदान कोष | १५००००० | ५००००० | २०००००० |
| ९ | खराव कर्जा व्यवस्थापन कोष | २६८५४५६२ | २२७४८८४.१५ | २९१२९४४६.१५ |
| १० | जिवन आवास तथा सामाजिक सुरक्षा कोष | १३७३०५० | ६९४२०० | ६७८८५० |
| ११ | कर्मचारी संचयकोष | २८७०४४.०९ | ८००१७०.५६ | १०८७२१४.६५ |
| १२ | विशेष बचत प्रोभिजन कोष | ८९४२१ | ११५१९० | २०४६११ |
| | **जम्मा दायित्व सहित कोष** | **७३४८७१२९** | **३१६४४४९८** | **१०३७४३२२८** |

# आ.व ०७२/०७३ को प्रस्तावित कार्ययोजना

| क्र.सं. | शिर्षक | अनुमानित रकम ०७१/०७२ | वास्तविक रकम ०७१/०७२ | प्रस्तावित रकम आ.व. ०७२/०७३ |
|---|---|---|---|---|
| १ | लगानीमा रहिरहेको ऋण | ५५३०६०४८० | ५५६७९५९९५ | १२०२४११७८४ |
| २ | वचत बाँकी | २३३०९४३६२ | २४३४३४८५५ | ३८०९५८२६८ |
| ३ | सवारी साधन खरिद | ५३०००० | ३८८८०० | ४५०००० |
| ३ | फर्निचर तथा मेसिनरी सामान खरिद | १०००००० | ७३६६१६ | २४२०००० |
| ४ | सफ्टवयर खरीद | ११२०००० | ० | १५६५००० |
| ६ | जग्गा | ० | ० | ० |
| ७ | शेयर लगानी | २००००००० | ० | ० |
| ८ | नर्सीङ कलेज, अस्पताल र स्वास्थ्य सहकारी | २५०००० | ० | ० |
| ९ | जलविद्युत | ५०००००० | ० | ० |
| १० | जिवन र निर्जीवन विमा | ११०००००० | ० | ० |
| ११ | सञ्चार (रेडियो टेलिभिजन, पत्रपत्रिका) | १००००० | ० | 0 |
| | **जम्मा** | **८२५१५४८४२** | **८०१३५६२६६** | **१५८७८०५०५२** |

**अध्यक्ष महोदय, आदरणीय सभासद ज्यूहरु, उल्लेखित वजेटको लक्ष्यलाई हासिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्वनका लागि प्रस्ताव गरिएको छ।**

१. संस्थाको बढ्दो कार्यवोझलाई मध्यनजर गरी सम्पूर्ण समिति उपसमिति र कर्मचारीहरुलाई क्रियाशील र परिचालनका लागि वजेटमा वैठक भत्ताको व्यवस्था गरिएको छ।

२. मानवीय श्रोतको मनोवल वृद्धि गरी बढी समय काम गर्न सकून् भन्ने अभिप्रायले कर्मचारीहरुले खाइपाइ आएको तलव तथा भत्तामा वृद्धि गर्नुका साथै पद तथा सेवालाई समायोजन गरिएको छ।

३. लगानी वृद्धिका लागि लघुउद्यम व्यवसाय विकास ऋणको प्रस्ताव गरी व्याज आम्दानीमा वृद्धिको प्रस्ताव गरिएको छ।

४. संस्थाको संस्थागत विकास र रणनैतिक व्यवसायिक योजना तयारीका लागि वजेटमा व्यवस्था मिलाईएको छ

५. वजेट तयार पार्दा संस्थाद्वारा तयार पारिएको लघुवित्त कार्यक्रमको व्यवसायिक योजना र **VISION** 2020 लाई आधार मानिएको छ।

६. प्रस्तुत बजेट तयार गर्दा स्वीकृत कार्यक्रम र भविष्यमा स्वीकृत हुने सम्भावना भएका कार्यक्रमहरुलाई आधार मानिएको छ।

७. स्थानीय स्रोत साधन, मानवीय स्रोत साधन, जिल्ला स्थित सरकारी, गैर सरकारी संघ-संस्थाहरुसंग समन्वय र सहकार्यका कुराहरुलाई बजेटमा केन्द्रित गरिएको छ।

८. भविष्य सुधार कोषका लागि मुख्य कार्यालयबाट सोझै रकम जम्मा हुने गरी व्यवस्था मिलाईएको छ।

